राजस्व सङ्कलनमा चाप छ, लक्ष्य भेट्ने... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com


छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २४२ • २०८१ साल माघ १४ गते सोमबार (27 January, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपा बैठकबाट संघीय भेला गर्ने निर्णय




**अनिल तिवारी**

वीरगञ्ज । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) को संघीय परिषद्को भेला आगामी चैतमा हुने भएको छ ।

वीरगञ्जमा आइतबार सम्पन्न भएको जसपाको केन्द्रीय समितिको दुई दिने बैठकबाट आगामी चैतमा काठमाण्डुमा संघीय परिषद्को भेला गर्ने निर्णय गरेको जसपाका महासचिव मोहम्मद इस्तियाक राईले जानकारी दिए ।

जसपाका महासचिव इस्तियाक राईले बैठकमा संविधान संशोधन तथा समसामयिक राजनीतिक विषयमा समेत छलफल भएको बताए ।

उनले भने, 'जनता समाजवादी पार्टीको दोस्रो बैठक सम्पन्न भएको छ । एउटा अध्यक्षज्यूबाट समग्र विषयमा एउटा राजनीतिक प्रतिवेदन, सांगठनिक प्रस्ताव र समसामयिक प्रस्तावहरु र संघीय परिषद्को भेला चैतमा काठमाडौंमा आयोजना गर्ने प्रस्तावहरु पारित भएका छन्,' उनले अघि थप्दैं भने, 'सांगठनिक प्रतिवेदनमा खाली भएका विभागहरु र संरचनाहरुलाई पूर्णता दिने निर्णयसमेत भएको छ । मुख्यतः साना दलहरु एकीकृत रुपमा मिलेर अघि बढ्ने विषयमा समेत छलफल भएको छ ।'

त्यस्तै जसपाका उपमहासचिव प्रदीप यादवले बैठकबाट अहिले खाली रहेका पार्टीका विभाग र संरचनाहरूलाई पूर्णता दिने निर्णय समेत गरेको बताए ।

शनिबारदेखि आइतबारसम्म चलेको बैठकमा विचार वा मुद्दा मिल्ने राजनीतिक दल र शक्तिहरुसंग सहकार्य र एकीकरण गर्न सकिने विषयमा व्यापक छलफल भएको उपमहासचिव यादवले बताए ।

केन्द्रीय अध्यक्ष राईको अध्यक्षतामा बसेको बैठकमा संघीय परिषदअध्यक्ष राजेन्द्र श्रेष्ठ, सहअध्यक्ष रेणुकुमारी यादव, उपाध्यक्षसमेत रहेका मन्त्री नवलकिशोर साह सुडी, उपाध्यक्ष सुशीला श्रेष्ठ, उपाध्यक्ष रणध्वजलिम्बु, सचिव वीरेन्द्र महतो, कोषाध्यक्ष रञ्जु झाका साथै केन्द्रीय सदस्यहरुको सहभागिता रहेको थियो ।

### नेपालमा ट्रम्प निर्णयको असर

# अमेरिकी सहयोगका यूएसएडको सम्पूर्ण कार्यक्रम रोकिने

**टुडे समाचारदाता**


काठमाण्डु । अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएसंगै अन्तर्राष्ट्रियस्तरमा नयाँ ढंगले सम्बन्ध बनाउने क्रममा विभिन्न निर्णय गरेपछि नेपालमा पनि सोको असर पर्ने भएको छ ।

अमेरिकी जनताको सहयोगमा विभिन्न अनुदान तथा विभिन्न निकायमार्फत नेपालमा अर्बौं रुपैयाँको लगानीमा अन्तर्राष्ट्रिय गैरसकारी संस्थामार्फत गैरसरकारी संस्थाले करोडौं रुपैयाँको बजेट कार्यक्रम संचालन गरिरहेको छ । तर अब नेपालमा राष्ट्रपति ट्रम्पले निर्णय गरेसंगै अमेरिकी सहयोगका यूएसएडको सम्पूर्ण कार्यक्रम रोक्न यूएसएडले पत्राचार गरेको छ ।

अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहायता एजेन्सी यूएसएडले नेपालका सबै साझेदार संघसंस्था तथा कम्पनीहरुलाई हाल चलिरहेका कार्यक्रमहरु रोक्न पत्राचार गरेको जनाइएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले सबै किसिमका वैदेशिक अनुदान रोक्न आदेश जारी गरेलगत्तै नेपाललाई पनि यसको बारेमा यूएसएडमार्फत सबै कार्यक्रम रोक्न पत्राचार गरिएको छ । अमेरिकी सरकारअन्तर्गतका परियोजनासँग मिलेर काम गरिरहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई आइतबार नै यसबारे जानकारी गराइएको छ ।

ट्रम्प ह्वाइट हाउस फर्केलगत्तै वैदेशिक विकास अनुदान तत्काल स्थगन गर्ने निर्णय भएको र ९० दिनको समीक्षापछि निर्क्योल गरिने अमेरिकी विदेश मन्त्रालयले जनाएको थियो । अमेरिकी सहयता नियोगसँग जोडिएका कार्यान्वयन साझेदारहरुलाई अनुदान, ऋण र अन्य सहयोगका सबै कार्यक्रम रोक्न पत्राचार गरिएको कार्यालयले जनाएको छ ।




नेपालमा करिब ४०० वटा गैरसरकारी संघसंस्था र कम्पनीसँग यूएसएड र त्यसअन्तर्गतका एसिया फाउन्डेशन, एचकेआई इन्टरनेशनललगायतका संस्था र कम्पनीहरुले साझेदारीमा काम गरिरहेका छन् । ती सबै संस्थालाई पनि तत्कालका लागि सबै कार्यक्रम रोक्न इमेल आएको गैरसरकारी संस्था महासंघका अध्यक्ष रामप्रसाद सुवेदीले जानकारी दिए ।

अध्यक्ष सुवेदीले भने, 'हामीलाई पनि एउटा इमेल आएको छ । ३ महिनासम्म उनीहरुको सहयोगमा चलेका परियोजनामा स्टाफको तलबबाहेक अरु सबै गतिविधि रोक्न भनिएको छ । यसबीचमा कार्यक्रम तथा बैठक र तालिमहरुका लागि ट्राभल तथा होटल बुकिङहरु जे जे गरिएको छ, त्यो पनि रोकिएको छ । उनीहरुले ३ महिनासम्म यसको रिभ्युपछि अब के गर्ने भन्ने जानकारी आउँछ भनेका छन् ।'

यूएसएड र अमेरिकी सरकारको फन्डमार्फत भइरहेका कार्यक्रमहरु कुनै पनि अहिले नचलाउने भन्ने अमेरिकी निर्णय सरकारलाई समेत जानकारी गराइएको स्रोतले जनाएको छ ।

अमेरिकी अनुदानका आधारमा नेपाल सहायता पाउने मुलुकमा १६ औं स्थानमा छ । अर्थ मन्त्रालय र यूएसएआईडीबीच सन् २०२२ मा भएको पाँच वर्षे रणनीति सम्झौतामा ६५ करोड ९० लाख अमेरिकी डलर (७९ अर्ब ७१ करोड रुपैयाँ) अनुदान प्राप्त हुने उल्लेख गरिएको छ ।

यूएसएड अन्तर्गतको विभिन्न कार्यक्रम जनकपुरधामसंगै मधेश प्रदेशमा पनि सरकारी निकायदेखि विभिन्न गैरसरकारीलाई पनि बजेट कार्यक्रम दिएको छ ।

अमेरिकी जनताको सहयोगमा आउने गरेका विभिन्न रकम तथा अनुदान अर्थ मन्त्रालयबाट आउन थालेपछि व्यापक रुपमा अनियमितता हुने गरेको कतिपयको भनाइ छ ।

यसको लेखाजोखा मन्त्रालय र अन्तर्राष्ट्रिय गैसस तथा गैससबीचको समन्वयमा भए पनि यसको आन्तरिक कुराहरु लिखित रुपमै सीमित हुने भएकाले व्यापक अनियमितताका आशंकाहरु पनि यससंगै उब्जिएको एक गैरसरकारी संस्थाका प्रतिनिधिले बताए ।






# सरकारी वेबसाइट, डाटा र नेटवर्कको सुरक्षाका लागि १०२ बुँदे 'एडभाइजरी' जारी



काठमाण्डु । सरकारी वेबसाइट, डाटा र नेटवर्कको सुरक्षाका लागि एक सय दुई बुँदे 'एड्भाइजरी' जारी गरिएको छ। राष्ट्रिय साइबर सुरक्षा केन्द्रले सरकारी कार्यालयको सूचना प्रविधि प्रणालीलाई सुरक्षित राख्न तथा सम्भावित साइबर खतराबाट जोगाउन साइबर सुरक्षा एडभाइजरी जारी गरेको हो ।

एडभाइजरीमा सरकारी कार्यालयको वेबसाइट, एप्लिकेसन, सर्भर, नेटवर्क, डेस्कटप, ल्यापटप, मोबाइल उपकरण र सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित विभिन्न सुरक्षात्मक उपायहरू समावेश गरिएका छन् । सरकारी कार्यालयको वेबसाइटमा समस्या देखिने, साइबर हमलामा पर्ने, सूचना चोरी हुनेलगायत समस्या देखिएपछि एडभाइजरी जारी गरिएको केन्द्रका निर्देशक राजकुमार महर्जनले जानकारी दिनुभयो ।

"सामान्य अज्ञानता वा लापरबाहीका कारण गम्भीर साइबर समस्या सिर्जना भइरहेका छन्। हामीले यो कुरा प्रयोगकर्तालाई जानकारी गरायौं भने समस्या घट्ने अपेक्षा छ", उहाँले भन्नुभयो, "यो एडभाइजरी यो सरकारी निकायका कर्मचारीलाई मात्र होइन, सबै नागरिकका लागि हो ।"

सरकारी वेबसाइट वा एप्लिकेसनमा समस्या देखिँदा कुन व्यक्तिलाई सम्पर्क गर्ने भनेर 'फोकल पर्सन' तोक्नका लागि पनि केन्द्रले सबै मन्त्रालय, आयोग, विभागलाई पत्राचार गरेको छ। वेबसाइट र नेटवर्क सुरक्षाका लागि नियमित रूपमा वेबसाइट अद्यावधिक गर्ने, सुरक्षा परीक्षण गराउने र डाटाको नियमित 'ब्याकअप' राखी व्यवसाय निरन्तरता योजना लागू गर्ने सल्लाह एडभाइजरीमार्फत दिइएको छ । त्यस्तै, एन्टिभाइरस, डेटाबेस, एप्लिकेसन लाइब्रेरी र अपरेटिङ सिस्टमहरू अद्यावधिक गर्ने र मल्टिफ्याक्टर प्रमाणीकरण लागू गर्न निर्देशन गरिएको छ ।

एडभाइजरीमार्फत डेस्कटप, ल्यापटप र प्रिन्टर सुरक्षाका लागि लाइसेन्स प्राप्त सफ्टवेयर मात्र प्रयोग गर्न, सिस्टम र बायोसलाई स्वचालित रूपमा अद्यावधिक गर्न र प्रिन्टरहरूलाई इन्टरनेट पहुँचबाट अलग राख्ने उपाय अपनाउन भनिएको छ। पासवर्ड व्यवस्थापनका लागि सजिलै अनुमान गर्न नसकिने पासवर्ड राख्ने, तीन महिनामा कम्तीमा एक पटक परिवर्तन गर्ने र गोपनीयता कायम राख्न मल्टिफ्याक्टर प्रमाणीकरण प्रयोग गर्न सिफारिस गरिएको छ । इन्टरनेट ब्राउजिङ सुरक्षाका लागि सुरक्षित ब्राउजिङ विधिहरूको प्रयोग, अद्यावधिक ब्राउजरको प्रयोग र व्यक्तिगत जानकारी अनधिकृत वेबसाइटमा सेयर गर्न भनिएको छ ।

सामाजिक सञ्जाल (सोसल मिडिया) मा अनधिकृत सामग्री पोस्ट नगर्न र व्यक्तिगत जानकारी सीमित मात्रामा प्रयोग गर्न तथा मोबाइल उपकरणको सुरक्षाका लागि अद्यावधिक गरिएको अपरेटिङ सिस्टम, विश्वसनीय स्रोतबाट मात्र एप डाउनलोड गर्नेलगायत विषयमा ध्यान दिनुपर्नेमा जोड दिइएको छ । यी उपायहरूको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित कर्मचारीहरूलाई नियमित रूपमा साइबर सुरक्षा तालिम दिने व्यवस्था गर्न पनि केन्द्रले आग्रह गरेको छ ।

केन्द्रले वेबसाइट अपडेट, डेटा ब्याकअप, सुरक्षित पासवर्ड, मल्टि-फ्याक्टर प्रमाणीकरण, नेटवर्क सेगमेन्टेसन र एन्टिभाइरस अपडेटलगायत कुरामा ध्यान पुऱ्याएर साइबर सुरक्षालाई सुदृढ बनाउन सकिने जनाएको छ । यी सुरक्षात्मक उपायहरूले सरकारी प्रणालीलाई साइबर खतराबाट बचाउने र नागरिक सचेतनासमेत बढ्ने अपेक्षा गरिएको केन्द्रका निर्देशक महर्जनले रासससँग बताउनुभयो ।

> वेबसाइट र नेटवर्क सुरक्षाका लागि नियमित रूपमा वेबसाइट अद्यावधिक गर्ने, सुरक्षा परीक्षण गराउने र डाटाको नियमित "ब्याकअप" राखी व्यवसाय निरन्तरता योजना लागू गर्ने सल्लाह एडभाइजरीमार्फत दिइएको छ ।

**पासवर्ड व्यवस्थापन**

पासवर्ड सुरक्षित बनाउन सहजै अनुमान गर्न नसकिने र बलियो पासवर्ड बनाउने सल्लाह केन्द्रले दिएको छ । यसका लागि ठूला र साना अक्षर, सङ्ख्या र विशेष चिन्हको संयोजन भएको कम्तीमा आठ वर्णको पासवर्ड प्रयोग गर्नुपर्नेछ । त्यस्तै, तीन महिनामा पासवर्ड अनिवार्य रूपमा परिवर्तन गर्नुपर्ने एडभाइजरीमा उल्लेख छ। व्यक्तिगत जानकारीहरु जस्तैः नाम, जन्ममिति, ठेगाना आदिको प्रयोग पासवर्डका रूपमा नगर्न भनिएको छ। कुनै पनि प्रणालीको डिफल्ट पासवर्ड तुरुन्त परिवर्तन गरी मल्टिफ्याक्टर प्रमाणीकरण प्रयोग गर्नुपर्नेमा जोड दिइएको छ ।

त्यस्तै, एउटै पासवर्डलाई विभिन्न सेवा वा प्रणालीमा प्रयोग नगर्न र पासवर्ड गोप्य राखी अनधिकृत व्यक्तिसँग सेयर नगर्न सुझाव दिइएको छ ।

**इन्टरनेट ब्राउजिङ सुरक्षा**

सरकारी एप्लिकेसन, बैंकिङ सेवा वा अन्य महत्वपूर्ण सेवाहरू प्रयोग गर्दा सधैँ प्राइभेट ब्राउजिङ/इन्कग्निटो मोड प्रयोग गर्नुपर्ने एडभाइजरीमा उल्लेख छ । त्यस्तै, कुनै पनि वेबसाइटमा लिङ्कमा क्लिक नगरी ब्राउजरको एड्रेसबारमा डोमेन म्यानुअली टाइप गर्ने, ब्राउजरको नवीनतम संस्करण प्रयोग गर्ने र यसलाई नियमित अद्यावधिक गर्न भनिएको छ । ब्राउजरमा पासवर्ड वा भुक्तानीसम्बन्धी जानकारी सुरक्षित नगर्नसमेत सुझाव दिइएको छ । अनधिकृत थर्ड पार्टी सेवाहरू, जस्तैः नर्ड भिपिएन, एक्सप्रेस भिपिएन वा प्रोक्सीहरूको प्रयोग नगर्न र शङ्कास्पद वा पायरेटेड सामग्री डाउनलोड गर्नबाट जोगिन भनिएको छ ।

**इमेल तथा फिसिङ आक्रमणबाट सुरक्षा**

इमेलमार्फत हुने फिसिङ आक्रमणबाट बच्न अपरिचित व्यक्तिबाट आएका इमेल तुरुन्त नखोल्न र शङ्कास्पद अट्याचमेन्ट वा लिङ्क खोल्नबाट बच्नुपर्ने सल्लाह दिइएको छ। शङ्कास्पद इमेललाई स्प्याम रिपोर्ट गरी मेटाउनुपर्ने र आवश्यकबाहेक वेबपेजहरूमा सस्क्राइब नगर्न भनिएको छ । इमेल सेवामा मल्टिफ्याक्टर प्रमाणीकरण सक्रिय गर्ने, सार्वजनिक वाइफाइ प्रयोग गरेर व्यावसायिक इमेल नखोल्ने र सकेसम्म सुरक्षित भिपिएनको प्रयोग गर्नुपर्ने एडभाइजारीमा उल्लेख छ ।

**रिमुभेबल मिडिया सुरक्षाको उपाय**

रिमुभेबल मिडिया (युएसबी, एक्स्ट्रनल हार्ड ड्राइभ आदि) प्रयोग गर्दा यसलाई प्रयोग गर्नुअघि स्क्यान गर्नुपर्ने र त्यसमा भएका संवेदनशील सामग्रीलाई पासवर्ड वा इन्क्रिप्सनका माध्यमबाट सुरक्षित गर्नुपर्ने जनाइएको छ। अनधिकृत स्रोतबाट प्राप्त मिडियाहरू प्रयोग नगर्न र कार्यालयद्वारा स्वीकृत मिडियाहरू मात्र प्रयोग गर्न एडभाइजरीमार्फत निर्देशन दिइएको छ।

**सामाजिक सञ्जाल सुरक्षासम्बन्धी**

सामाजिक सञ्जाल प्रयोग गर्दा व्यक्तिगत जानकारी सीमित राख्न, अपरिचित व्यक्तिको फ्रेन्ड रिक्वेस्ट वा मेसेज स्वीकार गर्नुअघि राम्रोसँग जाँच गर्न र सरकारी जानकारी सार्वजनिक गर्नबाट जोगिन भनिएको छ । सरकारी इमेल ठेगाना सामाजिक सञ्जालमा पोस्ट नगर्न र सामाजिक सञ्जाल खातामा मल्टिफ्याक्टर प्रमाणीकरण लागू गर्न सुझाव दिइएको छ।

**मोबाइल सुरक्षा उपायहरू**

मोबाइल उपकरणको सुरक्षाका लागि पछिल्लो अपडेट/प्याच लागू गर्न, एप्लिकेसन विश्वसनीय स्रोतबाट मात्र डाउनलोड गर्न र एप्लिकेसनले मागेको अनुमति ध्यानपूर्वक जाँच्नुपर्ने सल्लाह दिइएको छ। आवश्यकताबाहेक वाइफाइ, ब्लुटुथ, एनएफसी जिपीएसजस्ता सेन्सरहरू निष्क्रिय राख्न र मोबाइलमा एन्टिभाइरस सफ्टवेयर राख्न भनिएको छ। रासस

## फर्निचर उद्योगमा आगलागी हुँदा लाखौंको क्षति



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको एक फर्निचर उद्योगमा भिषण आगलागी हुँदा लाखौंको क्षति भएको छ।

जनकपुरधामस्थित वशिष्ठ चोकमा आइतबार दिउँसो जनकपुरधामको वडा नं.७ स्थित भ्रमरपूरा जाने बाटोमा रहेको रामलला लक्ष्मी फर्निचर उद्योगमा भिषण आगलागी भएको छ।

सो आगलागीका कारण लाखौं मूल्य बराबरको तयारी अवस्थामा राखिएको फर्निचरको सामग्रीसहित फर्निचर बनाउन प्रयोग हुने, फोम, काठ आदि सामग्रीहरु जलेर नष्ट भएको धनुषा प्रहरीले जनाएको छ।

आगलागीको सूचना प्राप्त हुनासाथ जनकपुधाम उपमहानगरपालिका र नेपाल प्रहरीको बारुण यन्त्र पुगेर आगो नियन्त्रणमा लिन सफल भएको छ।

आगलागीको कारण व्यापक क्षति भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । आगलागी घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## नेपाल कुष्ठरोग मुक्ततर्फ नजिक

काठमाण्डु। आइतबार ७२ औं विश्व कुष्ठरोग दिवस नेपालसहित विश्वभर नै मनाइएको छ। 'कुष्ठरोग अन्त्यको कार्यमा सहभागी हौं' भन्ने मूल नाराका साथ दिवस मनाइँएको छ।

नेपालले कुष्ठरोगविरुद्धको लडाईंमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। मुलुकमा अवलम्बन गरिएको नीतिअनुसार कुष्ठरोगका बिरामी घट्दै गएको तथ्याङ्कले देखाएको छ। कुष्ठारोगका बिरामी बर्सेनि घट्दै गएपछि मुलुक कुष्ठरोगमुक्ततर्फ नजिक पुगेको छ।

नेपालमा सन् २०१९ को तुलनामा, सन् २०२४ मा नयाँ बिरामीको सङ्ख्यामा २५ प्रतिशत र बालबालिकामा कुष्ठरोग लाग्ने दरमा करिब ५० प्रतिशतले घटेको विश्व स्वास्थ्य सङ्गठनका नेपालका प्रतिनिधि डा राजेश पाण्डवले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख गरिएको छ। सन् २०१० मा कुष्ठरोगलाई राष्ट्रियस्तरमा जनस्वास्थ्य समस्याका रूपमा निवारण गरिएको घोषणा गरिएको थियो। त्यसपछि नयाँ बिरामीको सङ्ख्या हरेक वर्ष लगातार घटिरहेको छ।

उहाँले लगातार पाँच वर्षदेखि ७० प्रतिशतभन्दा धेरै स्थानीय तहले बालबालिकामा कुष्ठरोगको सङ्क्रमण शून्य रहेको प्रतिवेदन पेस गरेको बताउनुभयो। उहाँले नेपालमा राष्ट्रियस्तरमा कुष्ठरोगका बिरामीको सङ्ख्यामा उल्लेखनीय कमी आएको बताउनुभयो।

इपिडिमिलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा यदुचन्द्र घिमिरेका अनुसार ७७ जिल्लामध्ये झापा, महोत्तरी, सिराहा, रौतहट, कपिलवस्तु, बाँकेलगायत १८ जिल्ला अझै पनि उच्च जोखिममा रहेका छन्। उहाँले नेपालमा गत आर्थिक वर्षमा दुई हजार चार सय ७२ जना मात्र कुष्ठरोगका नयाँ बिरामी फेला परेका बताउनुभयो। उहाँ कुष्ठरोगका बिरामीलाई लाञ्छना होइन माया गर्नुपर्ने बताउनुहुन्छ।

उहाँका अनुसार कुष्ठरोगबारे गलत धारणाले डर र सामाजिक बहिष्कारलाई बढावा दिने, उपचार खोज्नमा ढिलाइ र रोगको सङ्क्रमणलाई अझ बढाउने गर्दछ।रासस

## प्रधानमन्त्रीद्वारा भारतीय समकक्षीलाई ७६औँ गणतन्त्र दिवसको शुभकामना



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतको ७६औँ गणतन्त्र दिवसको अवसरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई शुभकामना व्यक्त गर्नुभएको छ।

सामाजिक सञ्जाल (एक्स) मार्फत प्रधानमन्त्री ओलीले गणतन्त्र दिवसको अवसरमा भारतीय समकक्षी मोदी र भारतीय जनतालाई आफ्नो न्यानो बधाईका साथै शुभकामना व्यक्त गुर्नभएको हो।

सन्देशमा प्रधानमन्त्री ओलीले लोकतन्त्र र राष्ट्रिय एकताको आदर्श सधैँ फस्टाउँदै जाने विश्वास व्यक्त गर्नुभएको छ। साथै उहाँले दुई देशबीचको मित्रताको सम्बन्धलाई अझ गहिरो बनाउँदै जाओस् भन्ने कामना गर्नु भएको छ।

**परराष्ट्र मन्त्रीद्वारा शुभकामना**

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भारतको ७६औँ गणतन्त्र दिवसका अवसरमा बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले आफ्ना भारतीय समकक्षी एस जयशङ्करमार्फत भारतीय जनता र सरकारलाई यस अवसरमा निरन्तर प्रगति, समृद्धि र उन्नतिका लागि शुभकामना व्यक्त गर्नुभएको छ।

मन्त्री डा राणाले सामाजिक सञ्जालमार्फत घनिष्ठ छिमेकीका रूपमा, शताब्दीऔँको साझा इतिहास, पारस्परिक सम्मान र विभिन्न क्षेत्रमा सहयोगको माध्यमबाट मित्रताको बलियो बन्धन र घनिष्ठ सम्बन्ध अनवरत रहेको उल्लेख गर्नुभएको छ । आगामी वर्षहरूमा यी सम्बन्धहरू अझ थप सुदृढ हुँदै जाने उहाँले विश्वास व्यक्त गर्नुभएको छ।रासस

## कानुनले दिएको अधिकार उपयोग गर्न मन्त्री दाहालको निर्देशन



काठमाण्डु। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नहिच्किचाईकन कानुनले दिएको अधिकार उपयोग गर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ। नियत सफा राखेर दायित्वलाई नबिर्सी कानुनले दिएको अधिकार उपयोग गर्न उहाँले आग्रह गर्नुभयो।

नेपाल निजामती कर्मचारी सङ्गठन, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको विभागीय समितिको १२ औँ अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मन्त्री दाहालले शीघ्र सेवा र तीव्र विकासको मर्मलाई आत्मसात् गर्न आग्रह गर्नुभयो । "कर्मचारीले आफ्नो अधिकार र दायित्वलाई नभुली कार्य सम्पादन गर्नुपर्छ", उहाँले भन्नुभयो।

सरकार गठन भएको ६ महिनाको अवधिमा सरकारले थुप्रै काम गरेको मन्त्री दाहालको भनाइ थियो । काठमाडौं तराई-मधेश द्रुत मार्गमा पर्ने धेद्रे सुरुङ तथा सिद्धबाबाको सुरुङ छिचोलिएको, नागढुङ्गा सुरुङ्ग मार्ग सञ्चालनका लागि 'मोडालिटी' तयार भइरहेको, मुग्लिन-पोखरा तथा, नारायणघाट-बुटवल सडक निर्माणले गति लिएको, केही प्रमुख विधेयक संसद्को यही हिउँदे अधिवेशनमा पेस हुने अवस्थामा पुगेको उहाँले उल्लेख गर्नुभयो।

बिपी राजमार्गसहितका सडकहरु बाढी-पहिरोले क्षत-विक्षत गरे पनि तुरुन्त यातायात सञ्चालनको अवस्थामा ल्याइएको, बेलिब्रिज धमाधम जडान भएको र भइरहेका भन्दै मन्त्री दाहालले आगामी वर्षायाममा सहज रुपमा यातायात सञ्चालनको वातावरण बनाउन मन्त्रालय लागिपरेको उल्लेख गर्नुभयो।

कार्यक्रममा मन्त्रालयका सचिव केशवकुमार शर्माले कर्मचारी सङ्गठन तथा ट्रेड युनियन सृजनशील हुन सके कार्य सम्पादन चाँडो र प्रभावकारी हुनसक्ने बताउनुभयो। कर्मचारी अगुवाहरुले संसद्को आगामी अधिवेशनबाट सङ्घीय निजामती सेवा ऐन पारित हुनुपर्नेमा जोड दिए ।रासस

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय : मनकामना मार्ग, काठमाण्डौं, नेपाल
फोन नं. ५९००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम,थर | ठेगाना |
|---|---|---|---|
| १ | PLI१४१०००७०४० | कुशमा कुमारी देवी | बलवा न.पा.-३, परोल, महोत्तरी |

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अत्यधिक जाडो बढेकाले महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका वडा नम्बर- २ स्थित दुर्गाचोकमा आगो बालेर ताप्दै स्थानीयवासी । तस्विरः रासस

# वीरगञ्ज नाकाबाट छ महिनामा निर्यात बढ्यो

वीरगञ्ज । वीरगञ्ज भन्सार नाकाबाट चालु आर्थिक वर्षको छ महिनामा रु २९ अर्ब २७ करोड ८२ लाख चार हजार मूल्य बराबरका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ । आव २०८०/८१ को छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा निर्यात शतप्रतिशत अर्थात् रु १४ अर्ब ७१ करोड रकमले निर्यात वृद्धि भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ ।



वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवको छ महिनाको अवधिमा प्रशोधित भटमास र सूर्यमुखी तेल छिमेकीमुलुक भारत बढेकाले समग्रमा निर्यात बढेको बताउनुभयो ।"गत आवको तुलनामा चालु आर्थिक वर्षमा समग्रमा प्रशोधित भटमास र सूर्यमुखीको तेल निर्यात बढेको छ," उहाँले भन्नुभयो," अन्य कपडाजन्य सामग्री पनि बढेकाले निर्यात झण्डै दोब्बर भएको हो ।"

गत आवको छ महिनामा यो नाका हुँदै रु १४ अर्ब ५६ करोड ७१ लख ८५ हजार मूल्य बराबरका वस्तु तथा सामान विदेशमा निर्यात भएको थियो । कार्यालयले चालु आवको छ महिनामा वस्तु तथा सामान निर्यात गरेवापत रु १७ करोड ६६ लाख ६३ हजार राजस्व सङ्कलन गरेको थियो ।

गत आवको सोही अवधिमा निर्यात गरेवापत भने रु १० करोड तीन लाख ८१ हजार राजस्व सङ्कलन गरेको थियो । वीरगञ्ज नाका हुँदै विशेषगरी भटमासको तेल प्रशोधित, सूर्यमुखीको प्रशोधित तेल, सेन्थेटिक यार्न, पशु आहाराको कच्चा पदार्थ, विभिन्न किसिमका कपडा, सिन्थेटिक कपडालगायत छन् ।

वीरगञ्ज नाका हुँदै चालु आवको छ महिनामा रु दुई खर्ब ७७ अर्ब १५ करोड ५७ लाख १६ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो । त्यसैगरी, गत आवको छ महिनाकै अवधिमा भने रु दुई खर्ब ६० अर्ब ३६ करोड ६१ लख ६६ हजार मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो । गत आवको तुलनामा चालु आवको सोही अवधिमा आयात पनि छ दशमलव ४५ प्रतिशतले बढेको छ ।रासस

# पुरातत्व विभागद्वारा महोत्तरीको पाटु रातमाटा क्षेत्रमा थप अन्वेषण सुरु

महोत्तरी । पुरातत्व विभागले बर्दिबास-३ पाटु रातमाटा क्षेत्रमा तत्कालीन समयमा हतियार कारखानाबारे रहे /नरहेको अन्वेषण सुरुआत गरेको छ । यसका लागि विभागका पुरातत्वविद् भाष्कर ज्ञवाली नेतृत्वको तीन सदस्यीय विज्ञटोली शनिबार बर्दिबास आइपुगेको छ ।




"हामीले हतियार कारखानास्थलका अध्ययन र प्रारम्भिक खोज अन्वेषण थालेका छौँ", पुरातत्वविद ज्ञवालीले भन्नुभयो, "यसअघिका हालसम्म प्राप्त अध्ययनको निष्कर्षबाट यो ठाउँ पुरातात्विक महत्वको स्थल हो ।"

अहिलेको बिपी राजमार्ग (बर्दिबास-बनेपा राजमार्ग)को बर्दिबास-३ पाटुमा यो ठाउँ दुई दशकअघि जर्मन अन्वेषक गुडन कार्विन्सले पत्ता लगाउनुभएको हो । उहाँकै अध्ययन तथा खोज अन्वेषणको प्रतिवेदनका आधारमा अबका खोजीकार्य अघि बढ्ने विज्ञटोलीले जनाएको छ । अहिलेको बर्दिबासचोकबाट चार किलोमिटर उत्तर राजमार्गबाट पश्चिमपट्टि यो कारखानाले निकै ठाउँओगटेकोप्रारम्भिकअध्ययनले देखाएको छ । कारखानास्थलमा निकै पुराना गारोका अवशेषजस्ता ठाउँ भेटिएको जनाइएको छ ।

पछिल्लो समयमा करिब सात दशकअघि यो ठाउँ नजिक वन फडानी गरी बसोबास थालिएको हो । विज्ञटोलीले यसअघि सात हजार वर्ष पहिलेसम्म यहाँ आसपास मानव बस्ती रहेका अवशेष पाइएको जनाएको छ । पाषाण युगकालीन हतियार कारखानास्थल आसपासमा अहिले पाटु, भब्सी, रातमाटा र राइमण्डलसहितका बस्ती छन् । कतिपय घरबस्ती र संरचनाले यो पुरातात्विक महत्वको ठाउँ चर्चेको प्रारम्भिक अध्ययनले देखाएको विज्ञ ज्ञवाली बताउनुभयो ।

"अब यसबारे गहन अध्ययन गरिन्छ", उहाँ भन्नुहुन्छ, "यो ठाउँको संरक्षण, संवर्द्धन, अध्ययन तथा अनुसन्धानबारे सरकारले औपचारिक रूपमै बजेटमा यसपालि पहिलोपटक सम्बोधन गरेको छ ।"

यहाँ सात हजार वर्ष पहिलेसम्म मानव बस्ती रहेको भए पनि हतियार कारखाना भने त्योभन्दा निकैअघिको रहेको हुनसक्ने विज्ञटोलीको कथन छ । कारखाना सञ्चालन त करिब ३० हजार वर्ष पहिलेको हुनसक्ने ज्ञवाली बताउनुहुन्छ । "धेरै कुरा अबका थप अध्ययनले देखाउने छन्, प्रारम्भिक काम थालिएको छ", ज्ञवाली भन्नुहुन्छ, "यो अध्ययनले यहाँको निकै पुरानो मानव सभ्यताबारे अध्ययनको ढोका पनि खोल्नेछ ।" रातु नदीको पश्चिमतिरको यो ठाउँको निकै पुरानो मानव सभ्यताको अध्ययन हुने ज्ञवालीको भनाइ छ ।

"सरकारले यस ठाउँबारे चासो बढाएछ, अब हाम्रो ठाउँको विकास सम्भावनाबारे आस बढेको छ", पाटुका बासिन्दा तथा माध्यमिक तहका शिक्षक दीपकराज बराल भन्नुहुन्छ, "यसले हामीलाई उत्साही बनाएको छ ।"

हतियार कारखानास्थलबारे पुरातत्व विभागले औपचारिक रूपमै काम थालेपछि अब यहाँका प्राचीन महत्वका ठाउँबारे क्रमशः अध्ययन हुँदै जाने बर्दिबास नगरप्रमुख प्रहलादकुमार क्षेत्री बताउनुहुन्छ । "हामी विभागको यो काममा साथ छौँ, आवश्यक सबै सहयोग पुर्याउँछौँ", क्षेत्रीले भन्नुभयो । सबै पक्षको अध्ययन तथा अन्वेषण हुनसके रातु नदी किनारको प्राचीन सभ्यताबारे थप जानकारी बढ्दै जाने बर्दिबास जनता बहुमुखी क्याम्पसका प्राचार्य तेजबहादुर खड्का बताउनुहुन्छ ।रासस

# सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ

जनकपुरधाम । जनकपुरलगायत धनुषाको विभिन्न ठाउँमा सरस्वती पूजा नजिकिँदै गर्दा यहाँका मूर्तिकारलाई सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ छ । अरुबेला फुर्सदमै रहने मूर्तिकारलाई नजिकिँदो सरस्वती पूजाले व्यस्त बनाएको हो ।

यस वर्षको सरस्वती पूजा यही माघ २१ गते परेको छ। सोही पूजालाई लक्षित गरी मूर्ति बनाउन मूर्तिकार व्यस्त भएका हुन् । पूजामा प्रयोग गरिने मूर्तिको बिक्रीबाट अर्थोपार्जन गर्ने उद्देश्यले माटोबाट सरस्वतीको प्रतिमा बनाउन थालिएको मूर्तिकार चन्द्रदेव पण्डितले बताउँनुहुन्छ ।

धनुषाको तिनकौरीया चोक, यदुकोहा बजार, सबैला बजार, भठियन, वीरेन्द्रबजार, गोदार, ढल्केवर, महेन्द्रनगर, सपही चोक, लक्ष्मीनिया बजार, तरापट्टी बजार, धनुषाधाम, धरापानी, कुर्था बजार, जनकपुरधामको मुजेलिया, क्याम्पस चोक, विद्यापति चोक शुक्रबारी हटिया, भुतही पोखरी डिल, बिन्दही, महुवालगायतका मूर्तिकार सरस्वतीको मूर्ति बनाउन व्यस्त देखिएका छन् ।



मूर्तिकार रामकुमार मण्डलले यस वर्षका लागि ३५ वटा मूर्ति बनाइसक्नुभएको छ । उहाँसँग प्रतिगोटा रु तीन हजारदेखि १५ हजारसम्मका मूर्ति छन् । मूर्तिकार रामनारायण पण्डितले ३५ वर्षदेखि मूर्ति बनाउदै आउनुभएको छ। "आवश्यकताअनुसार ठाउँठाउँमा पुगेर मूर्ति बनाउँदै आइरहेको छु", उहाँले भन्नुभयो । मूर्तिकार चन्द्रदेव पण्डितको मुख्य पेसा नै मूर्ति बनाउने हो । सरस्वती पूजाका लागि रु पाँच हजारदेखि ३० हजारसम्मका मूर्ति बनाएर बिक्री गर्ने बताउनुभयो ।

सरस्वतीको एउटा मूर्ति तयार गर्न करिब चार जनालाई पाँचदेखि १० दिनसम्म लाग्ने उहाँहरूको भनाइ छ। कतिपय मूर्तिकारले स्थानीयलाई रोजगारी पनि दिएका छन् । माटो, काठ, रङ, कपडा तथा परालबाट मूर्ति बनाइन्छ । विशेषगरी सरस्वती पूजाका लागि बनाइएका मूर्ति त्यस दिन विद्यालय तथा घरमा लगी विद्यार्थी एवं साधकहरूले पूजा गर्ने गर्दछन् । हिन्दू परम्पराअनुसार माता सरस्वतीको पूजा गर्न अधिकांश सामुदायिक, निजी विद्यालय तथा शैक्षिक सङ्घ संस्थाले मूर्ति नै स्थापना गरी पूजाअर्चना गर्ने गर्दछ ।

सरस्वती पूजा धार्मिक परम्परा भए पनि त्यसभित्र ठूलो व्यवसाय रहेको मूर्तिकार बताउँछ । यो समयमा मूर्तिबाट राम्रो आम्दानी लिने गरेको धनुषाका मूर्तिकार पन्चा पण्डित बताउँनुहुन्छ । सरस्वती पूजाको अवधिभरमा करिब रु एक लाख ५० हजारभन्दा बढीसम्मको आम्दानी गर्ने गरेको उहाँले बताउनुभयो । आफूले आकर्षक मूर्ति बनाउने गरेका कारण अहिले विभिन्न विद्यालयबाट अर्डर आएको उहाँको भनाइ छ ।विशेषगरी दुर्गापूजा, विश्वकर्मापूजा, कृष्णजन्माष्टमी र सरस्वती पूजाको समयमा मूर्तिको माग हुने गर्दछ ।

सरस्वती पूजाका लागि धमाधम मूर्ति बनाउँदै

जलेश्वर । सरस्वती पूजा नजिकिँदै जाँदा जिल्लाको विभिन्न स्थानमा मूर्तिकारहरू धमाधम मूर्ति बनाउन थालेका छन् । दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीमा अवस्थित सबै सामुदायिक तथा निजी विद्यालय, कोचिङ सेन्टर, ट्युशन सेन्टर, क्लब, पुस्तकालयसहित गाउँ तथा नगरका विभिन्न चोकचोकमा सरस्वती पूजाका लागि मूर्तिकारलाई मूर्ति बनाउन भ्याइनभ्याई छ ।

आफ्नो चार पुस्तादेखि मूर्ति बनाउने पेसा चल्दै आएको एकडारा गाउँपालिका-५ का मूर्तिकार सुभाष पण्डितले सरस्वती पूजाका बेला अत्यधिक मूर्तिको माग हुने गरेको कारण अहिले सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याई भएको छ । त्यस्तै पूजाको अब १० दिन मात्र बाँकी हुँदा औरही नगरपालिका-२ का कैलाश रामलाई पनि मूर्ति बनाउन भ्याइनभ्याई भएको बताउँछन् ।

सरस्वतीको मूर्ति बनाउनमै व्यस्त जलेश्वर नगरपालिका-२ का विकाऊ पासवान पनि अहिले मूर्ति बनाउन भ्याइनभ्याइ भएको बताउनुहुन्छ । मूर्ति बनाउन चाहिने माटो, खर (पराल, भुस) रुङ, जुटलगायत वस्तुको जोहो गर्नु, घामपानी र वातावरणअनुसार मूर्ति बनाउनु जस्ता क्रियाकलाप गर्नुपर्ने भएकाले मूर्तिकारलाई अहिले भ्याइनभ्याई भएको उनीहरू बताउँछन् ।

"घाम उदाएपछि मात्रै मूर्ति सुक्ने र मूर्ति सुकेपछि मात्रै राम्ररी रङ्ग रोगन गर्न मिल्ने भएकाले जति बढी घाम उदाउँछ, त्यति नै बढी मूर्ति तयार गर्नु पर्छ", मूर्तिकार पण्डितले बताउनुभयो । उहाँले आफू र आफ्ना बुवा शम्भु पण्डित मिलेर प्रत्येक वर्ष रु ५० हजारभन्दा बढीका सरस्वती मूर्ति बनाउने गरेको बताउनुभयो । साथै मौसमले साथ दिएमा ७०/७५ सम्म पनि मूर्ति बनाएर बेच्ने गरेको उहाँको भनाइ छ ।

त्यसैगरी मूर्तिकार कैलाश पनि आफू तथा आफ्ना परिवारका सदस्य मिलेर वर्षेनी ६०/७० वटा मूर्ति बनाउने गरेको बताउहुन्छ । उहाँले वर्षेनी २५ भन्दा बढी मूर्ति बनाउने गरेको बताउनुभयो । आफ्नो क्षमता र साधन श्रोतले तयार गर्ने संख्याका अनुसार उनीहरुको आम्दानी पनि फरक फरक हुने गरेको छ । यसरी तयार गरेका मूर्तिहरु रु दुई हजारदेखि रु ७ हजारसम्ममा बेचेर वार्षिक रु दुई लाख जति आम्दानी गर्ने गरेको पण्डितले बताउनुभयो ।

मूर्तिकार कैलाशले आफूले प्रतिगोटा रु तीन हजारदेखि रु १० हजारसम्ममा मूर्ति बेचेरै वार्षिक रु तीन लाख ५० हजार आम्दानी गर्ने गरेको बताउनुभयो । दिनानुदिन बढ्दै गएको मूर्तिको मागले यहाँका मूर्तिकारलाई सरस्वती पूजाको बेला दिनरात काम गर्नुपर्ने र मौसमअनुसार मूर्ति तयार गर्नुपर्ने चुनौती रहने गरेको छ । जिल्लाका मूर्तिकारले प्रत्येक वर्ष सरस्वतीको मूर्तिका साथै अन्य पूजा जस्तै गणेश, विश्वकर्मा, काली, दुर्गा पूजाका लागि पनि मूर्ति निर्माण गर्ने गरेका छन् ।

जिल्लामा पहिला पहिला पण्डित (कुमाले) जातिले मात्र मूर्ति बनाउने गरेकामा अहिले विभिन्न जातिका व्यक्तिले मूर्ति निर्माणलाई व्यावसायिक रुप दिएर विभिन्न जातजाति संलग्न रहेको पाइन्छ । यस वर्ष माघ २१ गते देशभरि श्रीपञ्चमी तथा सरस्वती पूजा मनाइँदै छ ।रासस

# छ महिनामा गौर भन्सारद्वारा १४ करोड राजस्व सङ्कलन

चन्द्रपुर । गौर भन्सार कार्यालयले आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा लक्ष्यको ८५ प्रतिशत राजस्व सङ्कलन गर्न सफल भएको छ। सङ्कलनको लक्ष्य दिएकामा पुस मसान्तसम्ममा रु १४ करोड ६७ लाख ५५ हजार सङ्कलन गरेको उहाँले बताउनुभयो । यो साउनदेखि




कार्यालयले साउनदेखि पुससम्म रु १४ करोड ६७ लाख ५५ हजार राजस्व सङ्कलन गर्न सफल भएको गौर भन्सार कार्यालयका निमित्त प्रमुख अमेन्द्र सिंहले जानकारी दिनुभयो । भन्सार विभागले आव २०८१/८२ का लागि रु ३५ करोड ४३ लाख ७८ हजार राजस्व पुससम्मको लक्ष्यको ८५ प्रतिशत राजस्व सङ्कलन भएको प्रमुख सिंहले जानकारी दिनुभयो ।

भन्सार प्रमुख सिंहका अनुसार, यो छ महिनामा सबैभन्दा बढी पुसमा रु तीन करोड ४७ लाख १४ हजार सङ्कलन भएको छ। यो महिना लक्ष्य भन्दा १७ प्रतिशत बढी रकम राजस्व सङ्कलन भयो । यस वर्ष गौर भन्सार कार्यालयले विभागले दिएको लक्ष्य भेट्टाउने किसिमले काम गरिरहेको छ।

यसैबीच रौतहट प्रहरीले गत साउनयता रु दुई करोड ४२ लाख ७७ हजार चार सय ४३ बराबरको सीमा क्षेत्रबाट चोरी निकासीका सामान बरामद गरी गौर भन्सारमा बुझाएको रौतहट प्रहरी प्रमुख दिलीप घिमिरेले जानकारी दिनुभयो । सो अवधिमा अवैध सामान ओसार पसार गर्ने ६६ जना, एक सय आठवटा मोटरसाइकल, दुई थान पिकअप भ्यान, दुई थान स्कारपियो गाडी, १४ वटा साइकल र चारवटा सिटीरिक्सा बरामद गरी भन्सार कार्यालयलाई बुझाएको उहाँले जानकारी दिनुभयो। सोही अवधिमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले रु ६८ लाख २४ हजार पाँच सय राजस्व सङ्कलन गरेको उपरीक्षक घिमिरेले जानकारी दिनुभयो ।रासस


## श्री जनता राष्ट्रिय माध्यमिक विद्यालय धमौरा

**बलवा न.पा.-१०, महोत्तरी, मधेश प्रदेश (नेपाल)**

**खुल्ला विज्ञापन सम्बन्धी सूचना**

यस विद्यालयका शिक्षक छनौट समितिको मिति २०८१।१०।०९ गतेको निर्णयानुसार यस विद्यालयमा प्राविधिकधार सिभिल तर्फ प्रशिक्षक पदमा करारमा नियुक्ति गर्नका लागि नियमानुसार खुल्ला प्रतियोगिताबाट छनौट गरिने हुँदा दरखास्त आह्वान गरिएको छ।

**(विज्ञापन प्रकाशन मिति २०८१।१०।१० गते देखि फाराम भर्ने अन्तिम मिति २०८१।११।०९ गते सम्म)**

तपसिल

| सि. नं. | विज्ञापन नं. | पद | पद संख्या | तह/श्रेणी | परीक्षाको किसिम | विषय | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ०२-२०८१/०८२ | प्रशिक्षक (इन्जिनियर) | १ (एक) | म.शि.तृतिय श्रेणी सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | सिभिल | २५००।- |

**विज्ञापन नं. ०२-२०८१/०८२ का लागि आवश्यक शर्तहरु :-**

(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक (भभ . द्यबअजभयिच या ऋष्खर्ष भ्लनष्लभभचष्लन) उर्तिण गरेको हुनुपर्नेछ।

(ख) **उमेर** :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

(ग) **नागरिकता** :- नेपाली

**दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :-**

(१) विद्यालयले तोकेको दरखास्त फाराम :- १ (एक) थान
(२) पासपोर्ट साइजको फोटो :- २ (दुई) प्रति
(३) एस.एल.सि./एस.ई.ई. देखि माथिल्लो योग्यताको सम्पूर्ण प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी ।
(४) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
(५) आवेदन फाराम दस्तुर रु. २००।- (दुई सय) मात्र
(६) परीक्षा दस्तुर रा.बा.बैंक जलेश्वरको च.हि.नं. १२७०१०००००२४०००१ खातामा रकम तिरेको भाउचर सक्कल प्रति १ थान। दोश्रो प्रति

**प्रधानाध्यापक**



## नेपाल अपाङ्ग संघ


**खगेन्द्र नवजीवन केन्द्र, जिल्ला शाखा धनुषा, जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

सदस्यको अयोग्यता सम्बन्धी जानकारी गराइएको बारे ।

नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र जिल्ला शाखा धनुषाको साधारण र आजीवन सदस्यता प्राप्त गर्नु भएका व्यक्तिहरुले नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्रको जस्तै समान उद्देश्य भएका अन्य संघ संस्थामा पनि सदस्यता लिई त्यो संघ संस्थाहरुका लागि विभिन्न निकाय जस्तै संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, निकाय, आई.एन.जि.ओ. र एन.जि.ओ. समेतहरुबाट बजेट तथा कार्यक्रम ल्याई कार्यक्रम संचालन गरेको र यस संस्थाको विरुद्धमा जथाभावी कुरा गर्ने गरेको जानकारी प्राप्त हुन आएकोले त्यस्ता व्यक्तिहरुको शाखा कार्यसमितिको मिति २०८१।१०।१२ गतेको बैठकको निर्णय अनुसार र नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्रको विधान-२०३५ संशोधित-२०६९ को धारा-८ को उपधारा ७ (ङ) बमोजिम यस संस्था जस्तै समान उद्देश्य भएका संघ संस्थाहरुमा आवद्धता भएका व्यक्तिहरुको सदस्यता अयोग्य हुनेछ। यदि त्यस्ता व्यक्तिहरुले सामान उद्देश्य भएका संघ संस्थामा सदस्य रहेको भएमा यो सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र उक्त संस्थाको सदस्यता परित्याग गरि परित्याग गरेको प्रमाण सहित यस शाखालाई लिखित जानकारी गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। यदि उक्त अवधी भित्रमा जानकारी नगराइएमा त्यस्ता व्यक्तिहरुको पहिचान गरि साधारण र आजीवन नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्रको विधान बमोजिम रद्द हुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**नन्द किशोर महासेठ**
**सभापति**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

# राजनीतिमा अपराधीकरण

अपराधलाई राजनीतिकरणको सवाल यत्र तत्र छ । सुरक्षा निकायदेखि पालिका र प्रशासानिक निकाय यसको दबाबबाट मुक्त हुन सकेको छैन । अदालत तर्फ पनि अपराधको सूची दिनहुँ देखिन्छ । हत्या , वैमनस्य , झगडा , खेती , परिवारमा अशान्ति , विकृतिजन्य , बलात्कार , अपहरण ,बेपत्ता ,युवा युवती प्रकरण , जग्गा विवाद लगायतका घटनाको प्रकृतिगत घृणास्पद स्वरुपले समाजीकरणप्रति गम्भीर चुनौती देखिएको छ। यसमा राजनीतिको आडमा अपराधजन्य क्रियाकलाप , घटनादेखा पर्नु र मधेश यसकालागि बदनामी भूमिका रुपमा चर्चा परिचर्चा पाउनु सोचनीय अवस्था रहेको छ । दलहरुमा अपराध मनोवृत्तिलाई प्रश्रय दिनु पनि यसको एउटा पक्ष हो भने राजनीतिक दलको नेतृत्वमा द्विविधा, राजनीतिक अस्थिरता , गरिबी, बेरोजगारी र दण्डहीनता अपराधका मुख्य कारक तत्व हुन् । यही पृष्ठभूमिमा कार्यकर्ताको क्रियाकलापको जिम्मेवारी पनि सम्बन्धित दलका नेतृत्वले लिनुपर्ने हुन्छ । अपराधको दूनियाँले बारम्बार मानवतावादी मूल्य र मान्यता तथा कानुनी व्यवस्थालाई चुनौती दिइरहेको हुन्छ । यस्तोमा जनतालाई शान्ति सुव्यवस्थाको प्रत्याभूति दिनुपर्ने राजनीतिक दलहरुले नै अपराधीलाई संरक्षण दिइरहेको प्रकरण अप्राकृतिक लाग्छ। गाउँ, शहर , जिल्लाजिल्लामा गुण्डागर्दीलाई संरक्षण तथा भरणपोषण विभिन्न राजनीतिक दलबाट हुने गरेको छ । साना तथा ठूला गुण्डा नै राजनीतिक दलको सदस्यता लिइ राजनीतिक कार्यकर्ता बनेर विकास निर्माण कार्यमा जबर्जस्ती कमिशन र चन्दा माग्ने गरेकाले कतिपय काम अधुरै छाडिएका छन् । अपराध र गुण्डागर्दीको मानसिकताले अरुमाथि भौतिक आक्रमण गर्ने , भौतिक क्षति वा हत्या गराइ आतंक सिर्जना गर्ने र त्यसबाट लाभ लिने नै हो , राजनीतिक आस्था र सिद्धान्तको बलले होइन , राजनीतिमा छलनीति , बलनीति र हिंसाले जनसेवाको उद्देश्य लिनेभन्दा बरु शक्तिको दुरुपयोग र धन आर्जनको लक्ष्य बोकेको हुन्छ । राजनीतिमा अपराधीकरण भित्रनु लोकतन्त्र ,गणतन्त्र , संघीयता धमिरा लाग्नु हो । गुण्डागर्दीको माहोलले सहिष्णुताभन्दा पनि अपराध र हिंसालाई वृद्धि गर्छ । उदण्डता र गुण्डातन्त्रलाई आफ्नो सुरक्षा कवच ठान्ने छोटे राजा , नव शासक जन्माउने लोकतन्त्र , गणतन्त्र र संघीयताको मर्म होइन । आतंक , दण्डहीनताको अन्त्य लोकतन्त्र , गणतन्त्र र संघीयताको मर्म हो , आमजनताको चाहना हो । अपराधलाई राजनीतिकरण गर्ने र राजनीतिलाई अपराधीकरण गर्नु लोकतन्त्र , गणतन्त्र र संघीयताका लागि शुभ मान्न सकिदैन । दलका नेताहरुको संरक्षणमा त्यस्तो प्रवृत्ति मौलाउनु लोकतान्त्रिक पद्धतिको दुर्भाग्य हुन्छ । गुण्डा र डनको राजनीतिक आस्था र विश्वास हुँदैन भन्ने कुरालाई मनन गर्नु आवश्यक छ ।

# हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जामा रुपान्तरण

**कृष्ण अधिकारी**

हरित अर्थतन्त्र भन्नेबित्तिकै वातावरणीय दिगोपनलाई प्राथमिकता दिने आर्थिक प्रणाली बुझिन्छ । यसमा आर्थिक विकास र पर्यावरण संरक्षण सँगसँगै अघि बढ्ने नीति समावेश गरिन्छ । हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जाको रूपान्तरण एक प्रमुख आधार हो, जसले प्रदूषण घटाउँदै ऊर्जा आवश्यकतालाई पूरा गर्छ र दिगो विकासका लक्ष्य हासिल गर्न मद्दत गर्दछ । उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रुपान्तरणबाट आर्थिक समृद्धि ल्याउन सकिने भएकाले हालै ल्याइएको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ मा पनि विभिन्न सम्भावनाहरुको उजागर गरिएको छ ।

परम्परागत ऊर्जाका स्रोतहरुको प्रयोगबाट वातावरणमा प्रतिकूल प्रभाव पार्नुका साथै जनताको जीवनस्तर अभिवृद्धिमा पनि अवरोध ल्याउँछ । पेट्रोल, डिजेलजस्ता खनिज इन्धनको प्रयोगले वातावरणमा हरितगृह ग्यास उत्सर्जन गर्ने हुँदा यस्ता ऊर्जाका स्रोतहरुबाट उत्पन्न हुने नकारात्मक प्रभावलाई स्वच्छ ऊर्जाका माध्यमबाट घटाउन सकिन्छ । खनिज तथा परम्परागत ऊर्जाको प्रयोगले गर्दा नै आज विश्व जलवायु परिवर्तनबाट सिर्जित अनेक समस्याहरुबाट नराम्ररी प्रभावित बनेको छ । यस शताब्दीकै मुख्य चुनौतीका रुपमा रहेको जलवायु परिवर्तनको प्रभावलाई कम गर्न स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रयोग अपरिहार्य हुन्छ ।

स्वच्छ ऊर्जाको प्रयोगले वातावरणीय सन्तुलन कायम राख्न मात्र नभई रोजगारी सिर्जना र स्थानीय स्रोतहरूको उपयोग भई दिगो विकासमा सहयोग पुग्दछ । नेपाल स्वच्छ तथा नवीकरणीय ऊर्जाको ठूलो सम्भावना रहेको मुलुक भएकाले यसको उपयोगबाट आयातित इन्धनमा निर्भरता घटाएर ऊर्जा सुरक्षामा वृद्धि गर्न र मुलुकको अर्थतन्त्रलाई नै बलियो बनाउन सकिन्छ । नेपालको हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जाका रूपान्तरणका क्षेत्रहरूमा जलविद्युत्, सौर्य ऊर्जा, बायोग्यास र जैविक ऊर्जा, वायु ऊर्जा, भू-तापीय ऊर्जा, बायोमासजस्ता ऊर्जा स्रोतहरु रहेका छन् ।

**ऊर्जा रुपान्तरणको सम्भावना**

परम्परागत ऊर्जा र आयातित इन्धनमा नै निर्भर रहँदै आएको नेपालमा पछिल्लो केही वर्षयता ऊर्जा रूपान्तरण विविध क्षेत्रमा भइरहेको छ । देशको भौगोलिक र प्राकृतिक स्रोतहरूको उपलब्धताले ऊर्जा एक प्रकारबाट अर्को प्रकारमा परिवर्तन गरी उपयोग गर्न धेरै सम्भावना प्रदान गरेको छ । नेपाल जस्तो विकासशील देशमा ऊर्जा रूपान्तरणले आर्थिक विकास, ग्रामीण क्षेत्रको विकास र जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्छ । विभिन्न अन्तराष्ट्रिय मञ्चहरुमा पनि ऊर्जा रुपान्तरणमा जोड दिन थालिएको छ ।

नेपालमा पानीको स्रोत अत्यधिक भएकाले जलविद्युत् ऊर्जा रूपान्तरणको प्रमुख क्षेत्र हो । नदी र जलाशयहरूमा पानीको शक्तिलाई टर्बाइनका माध्यमबाट विद्युत् ऊर्जामा रूपान्तरण गरिन्छ । सूर्यको किरणलाई सोलार प्यानलमार्फत विद्युत् ऊर्जाका रुपमा रुपान्तरण गरिएको छ । घरेलु सौर्य प्रणालीका रुपमा उपयोग हुँदै आएको सौर्य ऊर्जा अहिले मेगावाटका रुपमा विस्तार भएको छ । सौर्य ऊर्जालाई मिनीग्रिडका रुपमा वितरण गर्न थालिएको छ । जैविक फोहरदेखि गाईभैंसीको गोबर, कृषिजन्य फोहर र जैविक फोहरलाई बायोग्यास प्लान्टबाट ग्यास मात्र नगरी विद्युत् ऊर्जामा रूपान्तरण गरिएको छ । हिमाली र पहाडी क्षेत्रमा हावाको शक्तिलाई विद्युत् ऊर्जा उत्पादन गर्ने प्रयासहरु पनि भइरहेका छन् । पेट्रोल, डिजेल जस्ता खनिज इन्धनलाई प्रयोग गरेर सवारी साधन र मेसिनहरू चलाउन यान्त्रिक ऊर्जामा रूपान्तरण गरिन्छ । नेपालमा रहेको थर्मल स्प्रिङ (हट स्प्रिङ) हरूलाई भू-तापीय ऊर्जामा रूपान्तरण गर्ने सम्भावना छ ।

**जलवायु नीति कार्यान्वयनमा स्वच्छ ऊर्जाको प्रभाव**

नेपालले पेरिस सम्झौतामा प्रतिबद्धता जनाएबमोजिम सन् २०४५ सम्ममा खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्नका लागि जलविद्युत्बाहेकका नवीकरणीय ऊर्जाको विकास गर्नुपर्नेछ भने सन् २०३० सम्ममा २० प्रतिशत ऊर्जाको खपत नवीकरणीय स्रोतबाट गर्ने आवधिक योजनामा उल्लेख छ । नेपालले दोस्रो राष्ट्रिय निर्धारित योगदान २०२० को प्रतिवेदनले २०३० सम्ममा पाँच हजार मेगावाट क्षमता बराबर नवीकरणीय ऊर्जाबाट विद्युत उत्पादन गर्ने लक्ष्य तय गरेको छ ।

नेपालले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय रूपमा निर्धारण गरिएका योगदानहरू (एनडिसी) र दीर्घकालीन रणनीतिहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अन्तर्राष्ट्रिय कोष जस्तै हरित जलवायु कोष र अन्य दातृ निकायबाट जलवायु अनुकूलन र न्यूनीकरणका लागि स्रोत परिचालन गर्न वित्तीय नीतिहरूलाई जलवायुमैत्री बनाउनुपर्ने आवश्यकता छ । साथै, प्रविधि हस्तान्तरण र स्वच्छ ऊर्जा र दिगो कृषि प्रविधिहरू अपनाउने गरी योजना बनाउनुपर्ने हुन्छ । जलवायु परिवर्तनसम्बन्धी कोप सम्मेलनहरुमा गरिएको सङ्कल्प प्रस्तावहरुमा समेत नेपालले पेट्रोलियम पदार्थको प्रयोगमा न्यूनीकरण गर्ने तथा नवीकरणीय ऊर्जाको लगानीलाई वृद्धि गर्ने भन्ने प्रतिबद्धता जनाएको सन्दर्भमा जलविद्युत् तथा सौर्य ऊर्जाको सम्मिश्रणमा जोड दिनुपर्ने हुन्छ ।

**स्वच्छ ऊर्जाको व्यापार**

नेपालले स्वच्छ ऊर्जाको प्रयोग गरी कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारसमेत गरिसकेको छ । कार्बन व्यापारमार्फत हालसम्म चार अर्ब ७५ करोड रुपियाँ तीन करोड ५२ लाख ७० हजार अमेरिकी डलर आम्दानी गरेको छ । सन् २०११ देखि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले सञ्चालन गर्दै आएका विभिन्न आठ कार्बन व्यापारका परियोजनामार्फत यस्तो आम्दानी गरेको हो । केन्द्रले यस शीर्षकमा गत आर्थिक वर्षमा मात्रै २८ लाख ७५ हजार अमेरिकी डलर आम्दानी गरेको थियो । हालसम्म केन्द्रमार्फत ६० लाख मेट्रिक टन कार्बन बिक्री गरिएको छ । गतवर्ष यो परिमाण पाँच लाख ४२ हजार मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण रेकर्ड गरी यस्तो आम्दानी गरिएको हो भने आगामी वर्षमा कार्बन व्यापारको रकम बढ्दै जानेछ ।

कार्बन उत्सर्जन गराउने मुख्य तत्व हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न सकिने हुँदा नवीकरणीय ऊर्जा प्रवर्द्धनमा लगानी बढाउनुपर्नेमा जोड दिनुपर्दछ । हरित ऊर्जा निर्यातको सम्भावना वृद्धि गर्न नवीकरणीय ऊर्जा स्रोतहरू सौर्य ऊर्जा, वायु ऊर्जा र जैविक ऊर्जा प्रविधिमा लगानी बढाउनुपर्ने हुन्छ । स्वच्छ ऊर्जा रुपान्तरणलाई तीव्रता दिनको लागि रणनीतिको खाँचो रहेको छ ।

**ऊर्जा सम्मिश्रणमा जोड**

जलवायु परिवर्तनका कारण नदीको बहावमा घटबढ भई सुक्खा मौसममा पानीको अभाव हुन थालेको जलविद्युत्मा भएको पूर्ण निर्भरतालाई कम गरी नवीकरणीय ऊर्जाका स्रोतहरु जस्तै सोलार पिभीमा आधारित विद्युत् उत्पादनलाई जोड दिनुपर्ने एक अध्ययनले देखाएको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जर्मन सहयोग नियोग जिआइजेडद्वारा सञ्चालित आर्थिक विकासको लागि सौर्य प्रविधि प्रवर्द्धन कार्यक्रमको सहयोगमा 'नेपालको ऊर्जा सम्मिश्रणमा सुरक्षा, सुलभता एवं दिगोपनाको लागि जलविद्युत् र सौर्य ऊर्जाको एकीकृत विकास' विषयमा गरिएको अध्ययन प्रतिवेदनमा जलविद्युतमा निर्भर विद्युत् प्रणालीले सुक्खायाममा आवश्यक आपूर्ति गर्न नसक्ने हुँदा सौर्य ऊर्जालाई पनि सँगसँगै विकास गर्नुपर्ने सुझाव रहेको छ । वर्षायामको समयमा पर्याप्त विद्युत् उत्पादन हुने तर सुक्खा मौसममा विद्युत् उत्पादन घट्न गई पर्याप्त विद्युत्को अभाव हुने हुँदा यस्तो मौसमी उतारचढावलाई न्यूनीकरण गर्न र कुल उर्जाको लागतहरूलाई कम गर्न सौर्य विद्युत् भरपर्दो विकल्प हुनसक्छ ।

नेपालले विद्युत् उत्पादनको क्षमता वृद्धि गर्न सकेको खण्डमा व्यापार असन्तुलनलाई घटाउन सकिनेछ । नेपालले अहिले पनि अधिकतम विद्युत् महँगोमा खरिद गर्ने (औसत मूल्य प्रतियुनिट रु १०.४८ देखि रु ३२ सम्म) र सस्तोमा बिक्री गर्ने (औसत मूल्य प्रतियुनिट रु ७.०२) अवस्था रहँदै आएको छ । कुल जडित क्षमताको करिब ९५ प्रतिशत विद्युत् जलविद्युत्बाट उत्पादन भएको छ । सुक्खायाममा सहज विद्युत् आपूर्तिका लागि भारतसँग निर्भर हुनुपर्ने बाध्यताको अन्त्यका लागि ऊर्जा सम्मिश्रणमा जानुको विकल्प छैन । सौर्य ऊर्जा आयोजनाहरूलाई जलाशययुक्त जलविद्युत् आयोजनाहरूसँग संयुक्त रूपमा विकास गर्न सकेको खण्डमा सुक्खायाममा भारतबाट हुने विद्युत् आयातलाई तत्काल घटाउन सकिनेछ । सुक्खायाममा जलविद्युत्को उत्पादन कम हुने हुँदा सौर्य ऊर्जाको उत्पादन वृद्धि गरी दुबै ऊर्जा स्रोतलाई एकीकृत रूपमा विकास गरेर ऊर्जा सन्तुलन कायम गर्न सकिन्छ । यसका लागि दिगो, स्वच्छ र दिगो ऊर्जा क्षेत्रको विकास गर्न नीतिगत र लगानीको वातावरण निर्माण गर्नु आवश्यक छ ।

**स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलन आयोजना**

संयुक्त राष्ट्रसङ्घले पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणीजगतको हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रुपान्तरणको लागि सचेतना जगाउने र सोही बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने उद्देश्यका साथ सन् २०२४ देखि हरेक वर्ष जनवरी २६ तारिखलाई अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसको रुपमा मनाउने घोषणा गरेको छ । यो दिवस विश्वभर विभिन्न कार्यक्रमहरु गरेर मनाउने क्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यही माघ १३ देखि १५ गतेसम्म विविध कार्यक्रम गरी मनाउँदैछ । यस अवसरमा माघ १५ गते उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रको लागि स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलनको आयोजना गर्दैछ ।

सम्मेलनमा उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रको विकासमा सघाउ पुऱ्याउने स्वच्छ ऊर्जा रुपान्तरणलाई तीव्रता दिनको लागि सरोकारवालाहरुबीच अनुभव आदानप्रदान, लगानीको अवसरबारे अन्तर्क्रिया एवं आवश्यक रणनीति तर्जुमाको लागि विभिन्न प्रस्तुतिहरु तथा छलफल हुनेछ । क्षेत्रगत आवश्यकता, अवसर र चुनौतीहरुको पहिचान गर्नु, लगानीयोग्य आयोजनाहरुको प्राथमिकीकरण तथा स्वच्छ ऊर्जा रुपान्तरणको लागि लगानीका सम्भावना तथा स्रोत परिचालनका अवसरको खोजी गर्नु र सम्भाव्य लगानीयोग्य आयोजनाहरु प्रस्तुत एवं लगानी अभिवृद्धिमा जोड दिनु सम्मेलनको उद्देश्य रहेको छ । नेपालको ऊर्जा रुपान्तरण एवं जलवायु परिवर्तनसँग सम्बन्धित वर्तमान विकास साझेदारी एवं भविष्यको लगानी छनोटको सन्दर्भमा यस क्षेत्रमा भएका सफल आयोजना एवं थालनीका अभ्यासहरुको अनुभव आदानप्रदान गर्न पनि यस्ता सम्मेलनहरुको सान्दर्भिकता रहन्छ ।

> क्षेत्रगत आवश्यकता, अवसर र चुनौतीहरुको पहिचान गर्नु, लगानीयोग्य आयोजनाहरुको प्राथमिकीकरण तथा स्वच्छ ऊर्जा रुपान्तरणको लागि लगानीका सम्भावना तथा स्रोत परिचालनका अवसरको खोजी गर्नु र सम्भाव्य लगानीयोग्य आयोजनाहरु प्रस्तुत एवं लगानी अभिवृद्धिमा जोड दिनु सम्मेलनको उद्देश्य रहेको छ ।

# चुरोट सेवन गर्नेलाई तीनगुणा बढी हृदयाघात

**शरद शर्मा**

सुर्तीजन्य पदार्थ सेवन गर्नेलाई तीनगुणा बढी हृदयाघातको सम्भावना हुने गरेको पाइएको छ । सुर्तीजन्य पदार्थको सेवन नगर्नेको तुलनामा सेवन गर्नेलाई तीनगुणा बढी हृदयाघात हुने सम्भावना हुने गरेको पाइएको हो ।

हृदयाघात चुरोट सेवन गर्ने, मधुमेह, कोलेस्टेरोल र उच्चरक्तचाप भएका मानिसमा बढी हुन्छ । तीमध्ये चुरोट पिउने मानिसमा हृदयाघात हुने सम्भावना बढी हुने गरेको सहिद गङ्गलाल हृदय राष्ट्रिय केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा चन्द्रमणि अधिकारीले जानकारी दिनुभयो ।

अहिले युवा अवस्थामा नै चुरोट सेवन गर्नेक्रम बढेसँगै हृदयाघातका घटनाहरु पनि धेरै नै हुने गरेको छ । उहाँका अनुसार सुर्तीजन्यपदार्थको सेवन गर्ने ५० वर्षभन्दा मुनिका आठगुणा, ५० देखि ६५ वर्ष उमेर समूहका लागि पाँचगुणा र ६५ वर्षभन्दा माथिका तीनगुणा बढी हृदयाघात हुने सम्भवाना रहन्छ । यस्तै ४९ वर्ष मुनि सुर्तीजन्यसेवन गर्ने महिलालाई १३ गुणाबढी सेवन नगर्नेको तुलनामा बढी हृदयाघात हुने गरेको छ ।

अध्ययनअनुसार नेपालमा ४८ दशमलव ६ प्रतिशत पुरुष र १५ दशमलव ३ प्रतिशत महिलाले चुरोट सेवन गर्ने गरेका छन् । जाडोयाममा युवाहरुले चुरोट बढी सेवन गर्ने गर्दछन् । उहाँले चुरोट सेवनलाई छाड्ने हो भने हृदयाघातको सम्भवना पनि कम हुने बताउनुहुन्छ । उहाँका अनुसार चुरोट सेवन गर्न छाडेको २० मिनेटमा मानिसको उच्च रक्तचाप सामान्य हुने, तीन दिनमा श्वास फेर्न सजिलो हुने र एक वर्षमा हृदयाघातको सम्भावना आधा घट्ने हुन्छ । त्यस्तै चुरोट छाडेको १५ वर्षमा सामान्य मानिस जस्तै हृदयाघात हुने गर्दछ ।

गंगालाल अस्पतालले सन् २०१८ मा एक हजार छ सय ६० जनामा हृदयाघात भएर आएकामध्ये गरेको पछिल्लो अध्ययनअनुसार ४५ वर्षभन्दा मुनिका ११ दशमलव ८ प्रतिशतलाई हृदयाघात चुरोट सेवनका कारण भएको जनाइएको छ । यस्तै उच्चरक्तचाप ३६ दशमलव ६ प्रतिशत, मधुमेह २५ दशमलव ३ प्रतिशत र कोलस्टोरोल ७ दशमलव ८ प्रतिशतलाई हुने गरेको छ । उहाँले विभिन्न समयमा गरिएको अध्ययन अनुसार ४५ बर्ष मुनिका चुरोट खानेमा हृदयाघात बढदै पाइएको बताउनुभयो ।

नेपालमा अहिले हृदयाघात बढ्दै गएको पाइएको छ । चुरोटसँगै अस्वस्थ्य खानपान, उच्चरक्तचाप, मधुमेह, कोलस्टोरोलको कारणले मुटुका विरामी बढदै गएको छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अधिकारीका अनुसार सन् १९९० को तुलनामा सन् २०१७ मा ६० प्रतिशतले मुटुका बिरामी बढ्दै गएको पाइएको छ । सन् ११९० मा हृदयाघातका कारणले ६७ जनाको मृत्यु हुने गरेको थियो भने सन् २०१७ मा सय जनाको मृत्यु हुने गरेको थियो ।

अर्का वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिल भट्टराईले सुर्तीजन्य पदार्थको सेवनले हृदयाघात बढिरहेको बताउनुभयो । "चुरोट, हुक्का जस्ता सुर्तीजन्य पदार्थले गर्दा युवाहरुमा मुटुको रोग बढिरहेको छ", उहाँले भन्नुभयो, "तारेको, भुटेको मासुले पनि हृदयाघात बढाउँछन् ।" उहाँले चुरोट र हुक्काले रगतलाई जमाउने गरेको बताउनुहुन्छ, "हुक्कालाई मानिसहरुले सामान्य रुपमा लिने गरेका छन् । यो फ्लेवर हो भनेर तान्ने गर्दछ", उहाँले भन्नुभयो, "तर हुक्काले रक्तनलीको भित्तामा असर पुर्याउँछ । अनि हृदयाघात सम्भवना हुन्छ ।"

नेपालमा हरेक वर्ष २७ हजारभन्दा बढी मानिसहरुको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको छ । अभिभावकले धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्दा बालबालिका र परिवारका अन्य सदस्यहरुमा श्वासप्रश्वाससम्बन्धी समस्या, मुटुरोग, क्यान्सरलगायतका स्वास्थ्य जोखिम बढाउँछ ।

**जीवनशैलीमा आएको परिवर्तनले पनि हृदयाघात**

मानिसका जीवनशैलीमा आएको परिवर्तनले नेपालमा हृदयाघातका पनि बिरामी बढिरहेका छन् । डा भट्टराईका अनुसार निष्क्रिय जीवनशैली, चिन्ता, युवा अवस्थामा नै चुरोट, सुर्ती तथा खैनी सेवन र चिल्लो-बोसो खानाले हृदयाघातका बिरामी बढिरहेको छन् । घरभन्दा बाहिरको अस्वस्थ खानपान गर्नाले पनि हृदयाघातका बिरामी बढिरहेको चिकित्सकले बताएका छन् ।



गङ्गालाल अस्पतालमा अनुसार अस्पतालमा दैनिक चार जना हृदयाघात आउने गरेका छन् । अस्वस्थ खानपान, तनाव, बाहिरी प्रदूषण र वङ्शाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द भएर हृदयाघात हुने गर्दछ । "धूमपान, मधुमेह र उच्च रक्तचाप भएका मानिसको मुटुको नली र अन्य नली बाक्लो हुँदै हृदयाघातले आक्रमण गर्छ । यस्तै कोलेस्टेरोल, शारीरिक अभ्यासको कमी पेट बढ्ने, पसिना ननिकाल्ने, तनाव, बाहिरी प्रदूषण र वडशाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द हुने गर्छ", डा अधिकारीले भन्नुभयो, "स्वस्थ्य जीवनशैली अपनाउने, खाना धेरै नखाने, स्वच्छ खाने, शारीरिक अभ्यास गर्ने, चुरोट नखाने, नियमित व्यायाम गर्न सके हृदयाघातबाट बच्न सकिन्छ ।" मुटु जन्मजात बिग्रेर आउने, घाँटीको दुख्ने रोगबाट सुरु भई पछि मुटुको भल्व बिग्रने रोग (बाथ ज्वरजन्य रोग) जस्ता कारणले पनि मुटुका बिरामी हुने गरेका छन् ।

**हृदयाघात भएको १२ घण्टामा जीवन बचाउन सकिन्छ**

वरिष्ठ मुटुरोग विशेषज्ञ डा अधिकारी हृदयाघात भएका बिरामी १२ घण्टाभित्र अस्पतालमा आउनसके बचाउन सकिने बताउनुहुन्छ । केन्द्रले हृदयाघात भएका बिरामीलाई २४ घण्टा नै एन्जिओप्लाष्टी गरेर बचाउने गर्छ । केन्द्रले हृदयाघात भएर आएको एक घण्टाभित्र बिरामीको एन्जिओप्लाष्टी गर्ने उहाँ बताउनुहुन्छ । एउटा एन्जिओप्लास्टी गर्नका लागि रु एक लाख ५० हजार खर्च लाग्छ । त्यति रकम तिर्न नसक्ने गरिब-असहायका लागि केन्द्रले निःशुल्क एन्जिओप्लास्टी गर्ने गरेको छ ।

विश्वमा स्टिमाई, एनेस्टीमाई र अनस्टेवल एन्गिना गरी तीन प्रकारका हृदयाघात हुने गर्दछन् । स्टिमाई (मुटुमा रक्तसंचार हुने नली बन्द हुने) एनेस्टीमाई (रक्तनली केही बन्द भएर हुने हृदयाघात र अनस्टेवल एन्गिना (मुटुको नशा बन्द भएको तर मासु मर्न नथालेर हुने हृदयाघात) । ती तीन हृदयाघातमध्ये पनि सबैभन्दा धेरै स्टिमाई हृदयाघात हुन्छ, जुन भएका मानिसलाई समयमा नै अस्पताल पुऱ्याउनसके बचाउन सकिन्छ । यस्तै अर्को अनस्टेवल एन्गिना प्रकारको हृदयाघात पनि नेपालमा देखिने गर्दछ । "हृदयाघात भएको मानिसका मुटुमा रगतको आपूर्ति बन्द भएपछि दुख्न थाल्छ । मुटुको मासु मरिसकुञ्जेल छाती दुख्ने गर्छ । मुटु दुखिरहेका बेलामा नै अस्पतालमा बिरामी पुऱ्याउनसके बचाउन सकिन्छ", उहाँले भन्नुभयो, "बिरामी आएको १२ घण्टामा मुटुको प्राइमरी एन्जिओप्लास्टी (मुटुको नशा खोल्ने प्रविधि) शल्यक्रिया गरी नसा खोलेर बचाउन सकिन्छ ।"

एनेस्टीमाई हृदयाघात भएका बिरामीलाई भने केही समयपछि मात्र उपचार गरिन्छ । त्यस्ता बिरामीलाई भर्ना गरे केही दिनपछि शल्यक्रिया गरेर बचाउन सकिन्छ । केन्द्रले प्राइमरी एन्जिओप्लास्टी गरेका बिरामीलाई चार-पाँच दिनमै अस्पतालबाट घर पठाउँछ । केन्द्रमा प्रत्येक महिना ५० जनाको प्राइमरी एन्जिओप्लास्टी गरेर हृदयाघात भएका बिरामीलाई बचाउने गरेको उहाँ बताउनुहुन्छ । केन्द्रमा सन् २००६ देखि एन्जिप्लास्टी हुँदै आएको छ ।

**जाडोमा बढी**

जाडोमा हृदयाघात बढी हुने गरेको केन्द्रका निर्देशक डा रवि मल्लले बताउनुहुन्छ । मानिसहरु जाडोमा घरमै बसिरहने, शारीरिक अभ्यास नगर्ने, बिहानी हिँडाइमा पनि नजाने जस्ता क्रियाकलापले नगर्दा मुटुमा समस्या आउने गर्दछ । यस्तै जाडोयाममा चुरोट तथा मादकपदार्थ सेवन गर्नाले पनि हृदयाघात हुने सम्भावना हुने गर्दछ । उहाँले जाडोमा नसा खुम्चिने गर्नाले रगतको आपूर्ति मुटुमा सहज नहुँदा पनि हृदयाघात हुने खतरा बढी हुने गरेको बताउनुहुन्छ ।

**हृदयाघात कसरी हुन्छ ?**

मुटुलाई काम गर्नका लागि अक्सिजन आवश्यक पर्छ जुन रगतले दिने गर्छ । मुटुमा रगत आपूर्ति गर्ने नसा हुन्छ जसबाट रगत मुटुमा आउने गर्छ । रगत आपूर्ति बन्द भयो भने हृदयाघात हुन्छ । उमेर बढ्दै जाँदा मुटुको रक्तसञ्चार गर्ने नली साँघुरिँदै जाने र पछि बन्द भई मुटु बन्द हुने गर्छ । अहिले नली साँघुरिँदै जाने र मुटु बन्द भएर हुने हृदयाघात धेरै हुने गरेको छ ।

रगतको आपूर्ति सबै बन्द भएपछि मानिसको छाती दुख्न थाल्छ । धेरैजसो मानिस छाती दुखेपनि घरमै बस्छन् । अनि ढिला आउँछन् । रगतको आपूर्ति बन्द हुनाका साथै निरन्तर छाती दुखेपछि मुटुको मासु मर्ने गर्छ । मासु मरेपछि मुटुले काम गर्न छाड्छ र मानिसको ज्यान जान्छ ।

# सूचनाको हकले शासन प्रणालीलाई पारदर्शी बनाउने: मुख्यमन्त्री कार्की




मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सूचनाको हकले मुलुकको शासन प्रणालीलाई पारदर्शी बनाउने बताउनुभएको छ।

राष्ट्रिय सूचना आयोग काठमाडौँद्वाराआइतबारविराटनगरमा आयोजित 'प्रदेशस्तरीय सूचनाको हक'सम्बन्धी अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उहाँले सूचनाको हकले मुलुकमा सुशासन कायम गर्नुका साथै राष्ट्रले तय गरेका रणनीतिक लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने धारणा राख्नुभयो।

मुख्यमन्त्री कार्कीले संविधानद्वारा प्रत्याभूत सूचनाको हकको पहुँच आमजनतासम्म प्रभावकारी ढङ्गले पुर्‍याउन आयोगको भूमिका महत्वपूर्ण रहेको विचार राख्नुभयो। उहाँले सूचनाको हक स्थापित गराउन तीन तहका सरकारले आपसी समन्वयका आधारमा व्यवस्थित रूपमा कार्य गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "लोकतान्त्रिक शासन प्रणालीको महत्वपूर्ण कार्य भनेको सरकारले गरेका कामहरूको सूचना नागरिकले सहज र सरल रूपमा प्राप्त गर्नु हो। सूचनाको हक प्रभावकारी कार्यान्वयन भएमा पारदर्शी, लोकतान्त्रिक, सुशासनयुक्त समाज निर्माण हुँदै जानेछ।"

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारअन्तर्गतका सम्पूर्ण कार्यालयमा सूचना अधिकारी नियुक्त गरिएको जानकारी दिँदै प्राप्त सूचनाको गलत दुरुपयोग गरेमा कानुनी कारबाही गर्ने व्यवस्था रहेको उल्लेख गर्नुभयो।

प्रमुख सूचना आयुक्त डा सुरेशप्रसाद आचार्यले सूचना अधिकारीले सबै सार्वजनिक निकायले जिम्मेवारीपूर्वक कानुनले तोकेअनुसार सूचना आमनागरिकलाई दिनुपर्नेमा जोड दिनुभयो। सूचना दिन आलटालमा गरेमा सूचना अधिकारी स्वयं दण्डित हुने भएकाले कानुनले तोकेअनुसार सूचना उपलब्ध गराउनुपर्ने उहाँको भनाइ थियो।

प्रदेशका प्रमुख सचिव केदारनाथ शर्माले सूचना माग्ने र दिनेको नियत सफा हुनुपर्ने भन्दै प्रत्येक तीन-तीन महिनामा गरेका कामहरूको सूचना वेबसाइटमा प्रकाशन गरेमा सहज हुने विचार राख्नुभयो।

आयोगका आयुक्त गगन विष्टले 'सूचनाको अधिकारःलोकतन्त्रका आधार' विषयक कार्यपत्र प्रस्तुत गर्दै सार्वजनिक निकाय पारदर्शी हुनु आयोगको मान्यता रहेको बताउनुभयो। प्रदेशका उपसचिव अर्जुन निरौलाले 'सूचनाको हक कार्यान्वयनको अवस्थाःमुख्यमन्त्री कार्यालय' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

अन्तरक्रियामा नेपाल पत्रकार महासङ्घ प्रदेशका महासचिव कुमोद अधिकारी, महासङ्घ मोरङ अध्यक्ष सुशीला पाठक, मुख्यमन्त्रीका प्रेस सल्लाहकार विक्रम लुइँटेलले प्राप्त सूचनाको प्रस्तुतीकरण, सही वा गलत छुट्याउनुपर्ने, सूचना अधिकारीका रूपमा काम गर्ने छुट्टै कर्मचारी नियुक्त गर्नुपर्नेलगायत सुझाव दिनुभएको थियो।

आयोगका सचिव कमलप्रसाद भट्टराईले प्रत्येक जिल्लास्तरबाट सूचना हकसम्बन्धी कार्यको अनुगमन गर्नु र आगामी दिनमा आयोगले लिने बाटो स्पष्ट गर्न सुझाव सङ्कलन गर्नु कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो। अन्तरक्रियामा प्रदेशमा रहेका तीन तहका विभिन्न कार्यालयका प्रमुख एवं सूचना अधिकारीको सहभागिता थियो।रासस

# सहिद माथेमाप्रति श्रद्धाञ्जली अर्पण

काठमाण्डु। सहिद सप्ताहअन्तर्गत सहिद धर्मभक्त माथेमाप्रति आइतबार भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको छ। काठमाडौँ महानगरपालिकाको समन्वयमा सहिद माथेमाले अमरत्व प्राप्त गर्नुभएको सिफलमा आयोजित श्रद्धाञ्जलीसभामा उहाँको सालिकमा पुष्पगुच्छा चढाएर श्रद्धाञ्जली अर्पण गरिएको हो।

काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले सहिदले देखाएका निष्ठा र त्यागको आदर्श अनुकरणीय रहेकाले त्यसलाई सबैले अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो।

वरिष्ठ शिक्षाविद् केदारभक्त माथेमाले मुलुकमा प्रजातान्त्रिक पद्दति विकास गर्न सहिद माथेमाले गरेको जीवनको त्याग नयाँपुस्ताका लागि प्रेरणादायी भएको बताउँदै जनतालाई सुखी र समृद्ध बनाउन सकेमा मात्र सहिदको सपना पूरा हुने उल्लेख गर्नुभयो।

काठमाडौँ महानगरपालिकाका-७ का वडाध्यक्ष विमल हौडाले देशमा जनताका अधिकारलाई स्थापित गरी मुलुकलाई लोकतान्त्रिक शासन प्रणालीबाट सञ्चालन गर्न सकेमा सहिदको आत्माले शान्ति पाउने विचार व्यक्त गर्दै सहिद माथेमाको नामबाट सामाजिक संस्था स्थापना गर्न सरकारलाई आग्रह गर्नुभयो।

राणा शासकले तत्कालीन व्यवस्थाविरुद्ध विभिन्न राजनीतिक गतिविधि सञ्चालन गरेको अभियोगमा माथेमालाई विसं १९९७ माघ १३ गते सिफलमा मृत्युदण्ड दिइएको थियो ।श्रद्धाञ्जलीसभामा महानगरपालिकाका कर्मचारी, माथेमा समाज गुठीका प्रतिनिधि, स्थानीयवासी, समाजसेवी, शिक्षाविद् लगायतको सहभागिता थियो ।रासस

# राजस्व सङ्कलनमा चाप छ, लक्ष्य भेट्ने गरी काम गरौँः अर्थमन्त्री पौडैल

काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारी राजस्व सङ्कलनमा गत वर्षको तुलनामा केही सुधार देखिए पनि चालु आर्थिक वर्षको लक्ष्य भेट्न नसकेको बताउनुभएको छ।

भन्सार विभागले आज यहाँ आयोजना गरेको ७३औँ अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा अर्थमन्त्री पौडेलले राजस्व सङ्कलनमा राखेको वार्षिक लक्ष्य पूरा गर्न चाप देखिएकाले भन्सारलगायत कर प्रशासनले चुस्त रुपमा काम गर्नुपर्ने बताउनुभयो । "अहिले हामी राजस्वको लक्ष्यका हिसाबले चापमा छौँ। गत वर्षको तुलनामा केही बढेको भएपछि यस वर्षका लागि तोकिएको लक्ष्यअनुसार सन्तोषजनक छैन । हामीले यो वर्षका लागि निर्धारण भएको लक्ष्य भेट्ने गरी काम गर्नुपर्छ", अर्थमन्त्री पौडेलले भन्नुभयो।



> हामीले यो वर्षका लागि निर्धारण भएको लक्ष्य भेट्ने गरी काम गर्नुपर्छ", अर्थमन्त्री पौडेलले भन्नुभयो ।

सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न, निजी क्षेत्रको मनोबल उकास्न र लगानीयोग्य वातावरण सिर्जना गर्न सरकारले अध्यादेशमार्फत केही कानुनहरु ल्याएकामा निजी क्षेत्रबाट पनि सरकारको यो कदमको स्वागत भएको उहाँको भनाइ थियो । मुलुकको आर्थिक विकास र समृद्धिका लागि सरकारले निरन्तर प्रयास गरिरहेको पनि अर्थमन्त्री पौडेलले स्पष्ट पार्नुभयो।

"अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्ने, उत्पादन-उत्पादकत्व र आर्थिक वृद्धिका लागि सरकारले चालेको यो कदम अन्तिम होइन । यस्ता कदम थप चाल्दै जानेछौँ", उहाँले भन्नुभयो, "यो सरकार बन्दैगर्दा अर्थतन्त्रमा जुन निराशा र शिथिलता थियो, त्यसलाई चिर्न सरकार सफल भएको छ । निराशालाई आशामा बदलेर अर्थतन्त्रमा गतिशीलता दिनुपर्छ भन्ने दिशामा सरकार निर्देशित छ। सबैले यही भावनाका साथ काम गरौँ।"

भन्सार कार्यालय र सुरक्षा निकायबीच समन्वय बढाउनुपर्नेमा पनि अर्थमन्त्री पौडेलले जोड दिनुभयो। "लक्ष्यअनुसार राजस्व सङ्कलन गर्नका लागि सुरक्षा संयन्त्र र भन्सार प्रशासनबीच समन्वय आवश्यक छ। सरकारले तपाईंहरुले गरेको कामको परिणामका आधारमा मूल्याङ्कन गर्छ", अर्थमन्त्री पौडेलले भन्नुभयो।

राजस्व सचिव दिनेशकुमार घिमिरेले भन्सार प्रशासन सुधारका लागि प्रविधिको प्रयोग बढाउँदै लैजाने र जाँचपास प्रक्रियालाई सहज बनाउन सरकार गम्भीर रहेको बताउनुभयो। "भन्सार प्रशासनको कार्यक्षमता बढाउने विषयमा हामी गम्भीर छौँ। कर्मचारीको तजबिजी अधिकार घटाउनका लागि कार्यदक्षता बढाउनुपर्ने र प्रविधिको प्रयोगमा जोड दिनुपर्ने हुन्छ।

यसका लागि जाँचपासमा 'ब्लकचेन' प्रविधिलाई प्रयोग गरेर अघि बढ्नुपर्नेबारे मन्त्रालयले सोचिरहेको छ", उहाँले भन्नुभयो, "एकीकृत भन्सार प्रणालीलाई अघि बढाउने र सन्दर्भ मूल्य सूचीसम्बन्धी व्यवस्थालाई अब कसरी अघि बढाउने भनेर पनि आन्तरिक गृहकार्य भइरहेको छ।" भन्सार प्रशासनलाई पूर्ण स्वचालित बनाउनका लागि प्रविधिको प्रयोग बढाउँदै लगिएको उहाँको भनाइ छ।

भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनीले वार्षिक लक्ष्यअनुसार राजस्व उठाउन विभागले अधिकतम प्रयास गरिरहेको बताउनुभयो । "उन्नत प्रविधिको प्रयोगबाट भन्सार प्रशासन चुस्त बनाउने, व्यापार सहजीकरण र लागत घटाउने, अन्तर र्राष्ट्रियस्तरको सेवा दिनेलगायत कुरामा हामी सचेत छौँ", महानिर्देशक पुडासैनीले भन्नुभयो, "यसमा निजी क्षेत्रबाट पनि आवश्यक सहयोग हुने हो भने राज्यले दिएको लक्ष्यअनुसार हामी राजस्व उठाउन सक्छौँ।"

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले भन्सार प्रशासनलाई निजीक्षेत्रमैत्री र सेवाग्राही अनुकूल बनाउन सक्नुपर्ने बताउनुभयो। भन्सार जाँचपासका क्रममा प्रक्रियागत झन्झट हटाइनुपर्ने, कर्मचारीको तजबिजी अधिकार हटाइनुपर्ने, प्रविधिको प्रयोगमा जोड दिनुपर्नेलगायत सुझाव ढकालले दिनुभयो।

"अर्थतन्त्र चलायमान हुँदा राजस्व आफैँ बढ्ने भएकाले सरकारले स्वच्छ र प्रतिस्पर्धी व्यवसाय प्रबर्द्धनमा जोड दिनुपर्छ। भन्सार दर उच्च हुँदा खुला सीमानाबाट चोरी पैठारी बढेको छ।

यसको असर राजस्वमा पनि परेको छ", ढकालले भन्नुभयो, "जाँचपासका लागि अत्याधुनिक उपकरणको प्रयोग गर्ने, जाँचपास परीक्षणको समयसीमा घटाउने, कारोबार मूल्यका आधारमा जाँचपास गर्ने र सन्दर्भ मूल्य पुस्तिका हटाउनुपर्नेलगायत सुझाव निजी क्षेत्रले दिँदै आएको छ । यी विषयहरु सरकारले भन्सार ऐन संशोधन र आगामी आर्थिक वर्षको बजेट बनाउँदा सम्बोधन गर्नेछ भन्नेमा निजी क्षेत्र आशावादी छ।" तयारी वस्तुभन्दा कच्चापदार्थमा एक तह कम भन्सार लगाइनुपर्ने व्यवस्था प्रभावकारी कार्यान्वयन हुन नसकेको अध्यक्ष ढकालले बताउनुभयो।

त्यस्तै, उत्पत्तिको प्रमाणपत्रलाई पनि एकद्वार प्रणालीभित्र आबद्ध गरिनुपर्ने, एकीकृत भन्सार जाँचचौकी (आसिपी)को सङ्ख्या बढाइनुपर्ने, चोभार सुक्खा बन्दरगाहलाई बढी सक्रिय बनाउनुपर्नेलगायत सुझाव उहाँले दिनुभयो। सरकारले केहि समयअघि अध्यादेशबाट ल्याएका कानुनी व्यवस्थालाई निजी क्षेत्रले स्वागत गरेको र यसले नीतिगत र प्रक्रियागत झन्झट कम गर्न मद्दत पुर्‍याउने विश्वास उहाँले व्यक्त गर्नुभयो।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले भन्सार प्रशासनको नीतिगत र व्यावहारिक सुधार आवश्यक रहेको बताउनुभयो। भन्सार जाँचपासका क्रममा प्रयोग हुने सन्दर्भ मूल्य पुस्तिका हटाएर कारोबार मूल्यलाई नै आधार बनाएर जाँचपास गरिनुपर्ने उहाँको सुझाव छ। त्यस्तै, पछिल्लो समय चोरीपैठारी बढ्दा सीमा क्षेत्रका बजारको व्यापार घटेको तर सीमापारीका बजार बढेको उहाँले बताउनुभयो। अन्तर र्राष्ट्रिय अभ्यासअनुसार हार्मोनाइज्ड कोड (एचएस कोड) १० अङ्कको बनाइनुपर्नेरसबैभन्सारकार्यालयहरुमा सुविधासम्पन्न 'क्वारेन्टाइन ल्याब' निर्माण गरिनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

नेपाल समुद्रपार निकासी पैठारी सङ्घका अध्यक्ष शिवकुमार अग्रवालले व्यापार सहजीकरणका लागि सरकार र निजी क्षेत्रबीच सहकार्यको आवश्यकता औँल्याउनुभयो । संसद्मा विचाराधीन भन्सार विधेयकमा निजी क्षेत्रको चासो सम्बोधन हुने र राजस्व परामर्श समितिमा सङ्घको प्रतिनिधित्व हुनुपर्नेमा उहाँले जोड दिनुभयो।अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा विभागले क्युआर कोडसहितको प्रज्ञापनपत्र र एक्जिम कोड प्रणाली कार्यान्वयनमा ल्याएको छ। त्यस्तै, विभागले भन्सार स्मारिका र परिपत्र सङ्ग्रह सार्वजनिक गरेको छ।

**वित्तीय क्षेत्रमा प्राथमिकता निर्धारण गरी समाधान खोजन अर्थमन्त्रीको निर्देशन**

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वित्तीय क्षेत्रको सवलीकरणका लागि संस्थागत रुपमा गर्न चाहेका कार्य र विद्यमान समस्यालाई प्राथमिकीकरण गरी समाधान खोज्न निर्देशन दिनुभएको छ।

उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिको बैठकमा अर्थमन्त्री पौडेलले अर्थतन्त्रमा सुधार हुँदै आएपनि त्यसको प्रभावकारिता बढाउन नियामक निकायका कार्यक्रम र समस्यालाई प्राथमिकीकरण गरी काम गर्न जरुरी रहेको बताउनुभएको हो।

राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, नेपाल बिमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल बैंकर्स सङ्घ, कम्पनी रजिष्ट्रारको कार्यालयका पदाधिकारी तथा प्रतिनिधिहरूसहितको बैठकमा अर्थमन्त्रीले प्राथमिकता निर्धारण गरी काम गर्दा परिणाम निकाल्न पनि सहज हुने बताउनुभयो।

बैठकमा अर्थतन्त्र, बैंक, सहकारी, तरलता, कर्जा, बिमा, अनुदान, पूँजी बजार लगायतका विषयमा छलफल भएको थियो। त्यसअवसरमा अर्थतन्त्रका मुद्दाहरूमा थप छलफल गर्दै जाने, अर्थतन्त्रको एउटा क्षेत्रमा असर देखिँदा त्यसको अर्को क्षेत्रमा पनि प्रभाव पर्ने हुँदा एक अर्को निकायबीच समन्वय बढाउनेबारे पनि छलफल भएको थियो ।रासस

# हुलाक सेवा विभागलाई प्रविधिमैत्री बनाइने

काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले हुलाक सेवा विभागलाई प्रविधिमैत्री बनाइने बताउनुभएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आइतबार हुलाक सेवा विभागले आयोजना गरेको 'एक स्थानीय तह एक हुलाक' कार्यालय स्थापना घोषणा कार्यक्रमको उद्घाटन गर्दै उहाँले हुलाकको नीति परिवर्तन आवश्यक रहेको बताउनुभयो। मुलुक रुपान्तरणसँगै नीति र विधि फेरिन नसक्दा विकास ओझेलमा परेको धारणा उहाँले राख्नुभयो।



उहाँले यो वर्षभित्र पुराना सबै नीति र ऐन संशोधन गरेर समायानुकूल बनाउनमा गम्भीरताका साथ लागेको जानकारी दिनुभयो।

हुलाक सेवा निकै पुरानो र महत्त्वपूर्ण भएकाले यसलाई आधुनिकीकरण गरी प्रविधि मैत्री बनाउन जरुरी रहेको उहाँको भनाइ छ। "अब हुलाकको नीति परिवर्तन हुन्छ", मन्त्री गुरुङले भन्नुभयो, "हुलाकलाई प्रविधिमैत्री बनाउने विषयमा मन्त्रालय सधैँ संवेदनशील छ।"

सो कार्यक्रममा स्थानीय तहका हुलाक कार्यालयका कर्मचारी सहभागी थिए। मन्त्री गुरुङले हुलाक जनसेवामुखी बनाउन कर्मचारीहरुलाई आग्रहसमेत गर्नुभयो। "हुलाक सेवाको प्रभावकारिता केन्द्रमा रहेको गोश्वारा हुलाक कार्यालयबाट सुरु गर्नुहोस्, अरु स्थानीय तहका हुलाक कर्मचारीले आआफ्नो क्षेत्रमा सेवा प्रभावकारी बनाउनुहोस्", उहाँले भन्नुभयो।

सो कार्यक्रममा हुलाक विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले गोश्वारा हुलाक कार्यालयको अवस्था र स्थानीय तहका हुलाक कार्यालयको सुधारका चुनौती तथा कार्य योजनामन्त्रीसमक्ष जानकारी गराउनुभएको थियो ।रासस

# नेपाल-भारतबीचको सम्बन्ध साझेदारीमा आधारितः मुख्यमन्त्री

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाल र भारतबीचको सम्बन्ध साँचो मित्रता र साझेदारीमा आधारित रहेको बताउनुभएको छ।

भारतको ७६औँ गणतन्त्र दिवसका अवसरमा भारतीय पेन्सन वितरण कार्यालय पोखराद्वारा आइतबार यहाँ आयोजित विशेष समारोहमा उहाँले आपसी विश्वास, सम्मान र सहकार्यले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभयो।

गण्डकी प्रदेशभित्र शिक्षा, स्वास्थ्य, धार्मिक, सांस्कृतिकलगायत क्षेत्रमा भारत सरकार र मातहतका निकायबाट प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा प्राप्त सहयोगप्रति मुख्यमन्त्री पाण्डेले आभार व्यक्त गर्नुभयो।

भारतीय सेनामा नेपालको गण्डकी प्रदेशबाटै ठूलो सङ्ख्यामा सहभागिता रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले यहाँस्थित पेन्सन वितरण कार्यलय यस क्षेत्रको महत्वपूर्ण संस्थाका रुपमा अघि बढेको बताउनुभयो। आपसी निकटता र पारिवारिक सम्बन्धले दुई देशलाई अझ नजिक तुल्याएको बताउँदै उहाँले दुई देशबीचको खुला सिमानाका कारण रोजगारी, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सहयोग आदानप्रदान भइरहेको उल्लेख गर्नुभयो।

> गण्डकी प्रदेशभित्र शिक्षा, स्वास्थ्य, धार्मिक, सांस्कृतिकलगायत क्षेत्रमा भारत सरकार र मातहतका निकायबाट प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा प्राप्त सहयोगप्रति मुख्यमन्त्री पाण्डेले आभार व्यक्त गर्नुभयो ।

दुई देशबीचको सांस्कृतिक एवं ऐतिहासिक सम्बन्ध हजारौँ वर्षदेखिको भएको उल्लेख गर्दै मुख्यमन्त्रीले यी विषय रामायाण, महाभारतमासमेत उल्लेख भएको बताउनुभयो।

भारतीय पेन्सन वितरण कार्यालय पोखराका प्रमुख प्रशान्तसिंह बघेलले विश्वमा बहादुरी, बफादारी र कर्तव्यनिष्ठाका लागि प्रसिद्ध गोर्खाली सैनिक रहेका भन्दै सैनिक आश्रित परिवारको सेवारत एवं सेवानिवृत्तपश्चात् पनि आवश्यक सेवा र सुविधालाई सधैँ उच्च प्राथमिकताका साथ कार्यालयले हेर्दै आएको बताउनुभयो।



भारतीय सेनाको इतिहासमा नेपालबाट सबैभन्दा बढी गोर्खाली सैनिकको सहभागिता गण्डकी प्रदेशको विभिन्न जिल्लाबाट भएको जनाउँदै उहाँहरूले देखाउनुभएको बहादुरी र इमान्दारीता प्रशंसायोग्य रहेको बघेलले बताउनुभयो।

पेन्सन वितरण कार्यालय पोखराले सन् २०२४ मा शिक्षा, स्वास्थ्यलगायत अन्य कल्याणकारी योजनामा सहयोग गरेको बताउँदै उहाँले त्यसका अतिरिक्त रु ३५ अर्ब प्रदेशका भुपूहरूको पेन्सन मात्र पठाउने गरिएको जानकारी दिनुभयो । भारत सरकारले नेपालमा रहेका भुपू सैनिकहरूका लागि धेरै सकारात्मक र प्रभावकारी योजना लागू गर्दै आएको उहाँले उल्लेख गर्नुभयो।

कार्यालय प्रमुख बघेलका अनुसार भारत सरकारले नेपालको शिक्षा, स्वास्थ्यका लागि एम्बुलेन्स, स्कुल बस, खानेपानी, बिजुली, शौर्य ऊर्जालगायत क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको छ। कार्यक्रममा नेपाल भारतीय गोर्खा सैनिक बोर्डद्वारा प्रकाशित 'जर्नल भुपू २०२५' लोकार्पण गरिएको थियो । त्यस अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमका साथै अमर प्राप्त गोर्खा सैनिकका सन्ततिलाई सम्मानका र विद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।रासस

# निकुञ्ज क्षेत्रलाई प्राकृतिक उद्योगका रूपमा विकास गर्नुपर्नेमा जोड




काठमाण्डु। राष्ट्रियसभाका सांसदहरूले निकुञ्ज क्षेत्रलाई प्राकृतिक उद्योगका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ। राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आइतबारको बैठकमा सांसदहरूले निकुञ्ज क्षेत्रभित्र हेलिप्याड निर्माण, उडान तथा अवतरणलाई थप व्यवस्थित गर्नुपर्ने धारणा राख्नुभएको हो।

सांसद गोमादेवी तिमल्सिनाले सरकारले पूर्वाधार विकासका क्षेत्रमा काम अगाडि बढाउँदै गर्दा प्राकृतिक सम्पदालाई जोगाउने र स्थानीय जनताको चाहानालाई पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले निकुञ्ज क्षेत्रलाई प्राकृतिक उद्योगका रूपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्नुपर्ने धारणा राख्नुभयो।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले सरकारले चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जलाई जोगाउँदै त्यसको संरक्षण, प्रचारप्रसार र पर्यटन प्रवर्द्धनमा योजना बनाएर कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। सांसद नरबहादुर विष्टले निकुञ्ज र मध्यवर्ती क्षेत्रहरूमा होटल र अन्य व्यवसाय सञ्चालन, पर्या-पर्यटन प्रवर्द्धनलगायत विषयलाई थप व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद युवराज शर्माले नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा, दहत्तर, बहत्तर) को उपभोग, बिक्री वितरणलाई व्यवस्थापन गर्नुका साथै मध्यवर्ती क्षेत्रभित्र र बाहिर प्रयोग हुने नदीजन्य पदार्थको मूल्यमा एकरुपता हुनुपर्नेमा जोड दिनुभयो।

सांसद रेनु चन्दले सम्बन्धित प्रदेश र स्थानीय तहले वन तथा वातावरणसम्बन्धी कानुन तर्जुमा गर्ने सम्बन्धमा त्यस क्षेत्रका निकुञ्ज कार्यालयका प्रतिनिधिसँग छलफल गरी अघि बढ्नुपर्ने धारणा राख्नुभयो।
रासस

# डीआर कङ्गोमा विद्रोहीद्वारा १३ विदेशी शान्ति सैनिकको हत्या

बीबीसी

काठमाण्डु । प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डीआर कङ्गो)मा शान्ति स्थापनाका लागि खटिएका १३ जना सैनिकहरू विद्रोही एम२३ समूहसँगको भिडन्तमा मारिएका छन्।

दक्षिण अफ्रिकाको सेनाले ज्यान गुमाउनेमा विद्रोहीहरूलाई देशको पूर्वमा अवस्थित गोमा सहरतर्फ प्रवेश गर्न रोक्ने प्रयासमा रहेका आफ्ना ९ जना सैनिक रहेको जनाएको छ। त्यसबाहेक मलावीका तीन र उरुग्वेका एक शान्ति सैनिक मारिएका छन्।

नेपाली सेनाका प्रवक्ताले कङ्गोमा तैनाथ करिब ११ सय ५० नेपाली शान्ति सैनिक सुरक्षित रहेको र उनीहरू हाल युद्ध चर्किएको भनिएको स्थानभन्दा परै रहेको बीबीसीलाई बताएका छन्। प्रजातान्त्रिक गणतन्त्र कङ्गोले एम२३ विद्रोहीहरूलाई समर्थन गरेको आरोपमा छिमेकी रुवान्डासँग कूटनीतिक सम्बन्ध विच्छेद गरेको छ। संयुक्त राष्ट्र सङ्घ र अन्यले पनि रुवान्डाले आफ्ना फौज र अस्त्रको प्रयोग गरेर द्वन्द्व चर्काएको आरोप लगाएका छन्।



### शान्ति सैनिक मारिए

पछिल्ला केही दिनमा एम२३ सँगको भिडन्तमा १३ जना राष्ट्रसङ्घीय शान्ति सैनिक मारिएका छन्।

राष्ट्रसङ्घले अत्यावश्यकबाहेक सबै कर्मचारी गोमाबाट फिर्ता गर्ने भएको छ र त्यहाँको खराब अवस्थाबारे आइतवार राष्ट्रसङ्घको सुरक्षा परिषद्मा छलफल हुँदैछ। सोमवारका लागि तय भएको सो छलफल आइतवारका लागि सारिएको हो।

फ्रान्सका राष्ट्रपति एमानुअल मार्क्रौंले द्वन्द्व अन्त्य गर्न आह्वान गर्दै प्रजातान्त्रिक गणतन्त्र कङ्गो र रुवान्डाका नेताहरूसँग कुराकानी गरेको बताइरहँदा लडाइँ चर्किएपछि १० लाखभन्दा धेरै जनसङ्ख्या रहेको गोमाबाट राष्ट्रसङ्घले अत्यावश्यकबाहेकका कर्मचारी फिर्ता गरिरहेको छ। रक्तपात रोक्न गोमामा रहेका कङ्गोली फौजहरूलाई एम२३ समूहले आत्मसमर्पण गर्न भनिरहेको छ।

विद्रोहीहरूलाई समर्थन गरेको आरोपमा छिमेकी रुवान्डासँग प्रजातान्त्रिक गणतन्त्र कङ्गोले कूटनीतिक सम्बन्ध विच्छेद गरेको छ । उक्त कदम बिहीवार युद्ध भइरहेको अग्रमोर्चामा भ्रमण गरेका कंङ्गोका एक सैनिक गभर्नरलाई एम२३ लडाकुहरूले मारिदिएपछि चालिएको थियो।ज्यानुअरीमा उनीहरूले पूर्वमा अवस्थित मिनोभा र मासीसी नामक दुई प्रमुख नगरहरू नियन्त्रणमा लिएका थिए। मार्क्रौंले दुवै देशका नेतालाई अलग अलग सम्पर्क गरी लडाइँ रोक्न आह्वान गरेको उनको कार्यालयले जनाएको छ।

एएफपी समाचार संस्थाका अनुसार युरोपेली सङ्घका विदेश नीति सम्बन्धी प्रमुख काजा कल्लासले एम२३ लाई थप अघि नबढ्न अनुरोध गर्दै उक्त समूहलाई रुवान्डाको समर्थनको निन्दा गरेका छन्।

रुवान्डा र प्रजातान्त्रिक गणतन्त्र कङ्गोबीच मध्यस्थकर्ताको भूमिका खेलिरहेको अफ्रिकी युनियनआबद्ध देश एङ्गोलाका राष्ट्रपतिले पनि 'एम२३ र उसका समर्थकहरूको गतिविधि गैरजिम्मेवारपूर्ण' भन्दै निन्दा गरेका छन्।उनले नागरिकको जीवन रक्षाका लागि तत्कालै लडाइँ रोक्न पनि अपिल गरेको एएफपी समाचार संस्थाले जनाएको छ।

### कङ्गोमा रहेका नेपाली शान्ति सैनिकको अवस्था के छ?

नेपाली सेनाका अनुसार कङ्गोमा शान्ति स्थापनाका लागि झन्डै ११ सय ५० नेपाली शान्ति सैनिक खटिएका छन्।नेपाली सेनाका प्रवक्ता सहायक रथी गौरवकुमार केसीले गोमा नजिकै नेपाली फौजहरू नरहेको भन्दै त्यहाँ रहेको मिसन हेडक्वार्टरमा खटिएका कतिपय नेपाली शान्ति सैनिकहरूलाई राष्ट्रसङ्घले स्थानान्तरण गरेर युगान्डाको एन्टाबे लगेको वा लैजाने प्रक्रियामा रहेको बताए।

उनले भने, "हाम्रो फौजहरू गोमा नजिकै छैनन्। सबैभन्दा धेरै नेपाली शान्ति सैनिक फताकी भन्ने ठाउँमा छन् जुन पर नै पर्छ। त्यसबाहेक अर्को फौजहरूको समूह बेनीमा छ जुन उत्तर पूर्वमा पर्छ। बाँकी नेपाली शान्ति सैनिक रहेको बुनियाँ पनि अहिले द्वन्द्व भइरहेको ठाउँबाट परै अवस्थित छ।"

नेपाली सेनाका प्रवक्ताले सबै नेपाली शान्ति सैनिकहरू सुरक्षित रहेका जानकारी आफूहरूले पाएको उल्लेख गरे। मोनुस्को मिसन अन्तर्गत प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा १० हजार भन्दा बढी शान्ति सैनिक र एक हजार भन्दा बढी फर्म्ड प्रहरी युनिटहरू खटिएका छन्।

उक्त मिसन अन्तर्गत सबैभन्दा बढी फौज उपलब्ध गराउने देशमा भारत, बाङ्लादेश र नेपाल पर्छन्।डीआर कङ्गोमा दक्षिण अफ्रिकाका झन्डै १,१४०, मलावीका ५६० भन्दा बढी र उरुग्वेका ७५० जनाभन्दा बढी शान्ति सैनिक रहेको गएको अक्टोबरको एउटा विवरणले देखाउँछ।

### गोमाको अवस्था के छ?

विद्रोहीहरूले अहिलेसम्मकै बढी भूभागमा नियन्त्रण कायम गरेपछि एम२३ र प्रजातान्त्रिक गणतन्त्र कङ्गोको सेनाबीचको लडाइँ यसै वर्षको सुरुबाट चर्किएको छ।

राष्ट्रसङ्घका अनुसार द्वन्द्वका कारण अघिल्लो वर्ष ४ लाख मानिसहरू घर छाडेर भागेका थिए।स्थानीय नेताहरूले अघिल्लो हप्ता एम२३ ले कब्जा गरेका स्थानमा २०० गैरसैनिक मारिएको भन्दै गोमामा अवस्थित अस्पतालले सैयौं बिरामीको उपचार गरिरहेको जनाएका थिए। गोमामा रहेका एक जना एङ्गलिकन पादरी मार्टिन गोर्डनले त्यहाँ लडाइँ धेरै पर पुगेको र शान्तिका लागि मानिसहरू जे पनि गर्न तयार रहेको बताए।पछिल्ला केही दिनमा यूके, फ्रान्स, जर्मनी र अमेरिकासहित कैयौं देशहरूले आफ्ना नागरिकलाई गोमा छाड्न भनेका छन्।

मानवअधिकारवादी संस्था ह्युमन राइट्स वाचले उक्त लडाइँले नागरिकहरूलाई थप खतरामा पार्नसक्ने चेतावनी दिएको छ।कङ्गोको सेना र एम२३ विद्रोही दुवैले गम्भीर मानवअधिकार उल्लङ्घन गरेका उसको आरोप छ।राष्ट्रसङ्घले जारी द्वन्द्वले उक्त क्षेत्रमा मानवीय सङ्कट बढाएको चेतावनी पनि दिएको छ।

एम२३ ले सन् २०२१ यता खनिज पदार्थमा धनी देशको पूर्वमा अवस्थित ठूलो भूभाग आफ्नो कब्जामा लिएको छ ।

# भानु नगरस्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि विद्या निकुञ्जलाई

डुम्रे । यहाँको भानु नगरपालिकास्तरीय छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि विद्या निकुञ्ज माध्यमिक विद्यालयले जितेको छ ।




भानु-९ काउरेटारस्थित खेलमैदान भएको प्रतियोगितामा विद्या निकुञ्जले छ स्वर्ण, एक रजत र दुई कास्य गरी नौ पदकसहित उपाधि जित्न सफल भएको हो। भानु-९ डुम्रीखर्कस्थित कालिका माध्यमिक विद्यालयले पाँच स्वर्ण, छ रजत र चार कास्य गरी १५ पदक प्राप्त गरी द्वितीय स्थान प्राप्त गरेको छ। भानु-९ बाइसजागरस्थित कर्मदा माध्यमिक विद्यालयले चार स्वर्ण, तीन रजत गरी सात पदक प्राप्त गर्दै तृतीय भएको छ।

प्रतियोगितामा २४ विद्यालय सहभागी थिए । ३० स्वर्ण पदक रहेकामा ११ विद्यालयले स्वर्ण पदक जित्न सफल भएका छन् । विद्या निकुञ्जले रनिङ सिल्डसहित नगद पुरस्कार रु २५ हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख ध्रुवराज पौडेलले जानकारी दिनुभयो ।

त्यसैगरी कालिकाले रु २० हजार, ट्रफी र प्रमाणपत्र तथा कर्मदाले रु १५ हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा विजेता विद्यालय तथा विद्यार्थीलाई नगर प्रमुख आनन्दराज त्रिपाठी, उपप्रमुख उमा गोतामेलगायतले पुरस्कार प्रदान गर्नुभएको थियो ।

नगर प्रमुख त्रिपाठीले प्रतियोगिताले बालबालिकालाई खेलकुदप्रति आकर्षित गर्नुका साथै अनुशासित बनाउने बताउनुभयो । उहाँले भन्नुभयो, "खेलकुदको माध्यमबाट बालबालिकालाई प्रोत्साहन पनि मिल्नेछ ।"रासस

# जापानमा रेल स्टेसनमा छुरा प्रहार गर्ने एक व्यक्ति पक्राउ

एएफपी

टोकियो । जापानको राजधानी टोकियोको एक रेल स्टेसनमा छुरा प्रहार गरी एक जनाको हत्या गर्ने एक व्यक्तिलाई आइतबार पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जापानको मध्य भागमा रहेको जेआर नागानो स्टेसनबाहिर बुधबार साँझ भएको आक्रमण हिंसात्मक अपराधको दुर्लभ घटना हो । आक्रमणमा एक व्यक्तिको मृत्यु भएको थियो भने अन्य दुई जना घाइते भएका थिए । प्रहरीले ४६ वर्षीय स्थानीय व्यक्तिलाई पक्राउ गरेकोसरकारी प्रसारक एनएचकेद्वारा प्रसारित पत्रकार सम्मेलनमा एक अधिकारीले बताए । उनलाई हत्यामा संलग्न भएको आरोपमा प्रक्राउ गरिएको छ भने उनीमाथि अन्य थप आरोप लाग्न सक्छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार आक्रमणमा ४९ वर्षीय एक पुरुषको मृत्यु भएको थियो भने ३० वर्षीय एक पुरुष गम्भीर घाइते भएका थिए भने ४० वर्षीया एक महिला सामान्य घाइते भएकी थिइन् ।

जापानी सञ्चारमाध्यमले अनुसन्धान स्रोतलाई उद्धृत गर्दै भनेको छ, "रेल स्टेसनबाहिर बस स्टपमा तीनै जनालाई लक्षित गरी आक्रमण गरिएको थियो ।"

# 'गाजालाई 'खाली गर्ने' ट्रम्पको योजना'

एएफपी

मियामी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार गाजालाई 'खाली गर्ने' योजना अघि सार्नुभएको छ । मध्यपूर्वमा शान्ति स्थापनाका लागि इजिप्ट र जोर्डनले प्यालेस्टिनीलाई त्यहाँबाट हटाउनु उचित भएको बताउनुभएको हो ।



इजरायल-हमास युद्धपछि गाजालाई 'विध्वंसस्थल' को संज्ञा दिँदै ट्रम्पले जोर्डनका राजा अब्दुल्लाह द्वितीयसँग यस विषयमा कुरा भएको र आइतबार इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीसँग कुरा गर्ने योजना रहेको बताउनुभयो ।

"इजिप्टले गाजामा रहेका आफ्ना मानिसहरूलाई लिएर जाओस् र जोर्डनले पनि त्यसै गरोस् भन्ने म चाहन्छु," ट्रम्पले एयर फोर्स वनमा पत्रकारहरूसँगको कुराकानीमा भन्नुभयो । "तपाईं शायद १५ लाख मानिसहरूको बारेमा चिन्ता व्यक्त गर्दै हुनुहुन्छ, र हामी त्यो सबै खाली गर्न चाहन्छौं । तपाईंलाई थाहा छ, शताब्दियौंदेखि यो स्थानमा धेरै सङ्घर्षहरू थिए । मलाई थाहा छैन तर त्यहाँ केहि हुनुपर्छ ।

सन् २०२३ को अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणपछि सुरु भएको युद्धका कारण गाजाका २४ लाख जनसङ्ख्यामध्ये अधिकांश विस्थापित भएका छन् ।ट्रम्पले गाजाका बासिन्दालाई स्थानान्तरण गर्नु 'अस्थायी वा दीर्घकालीन पनि' हुन सक्ने बताउनुभएको छ ।

राष्ट्रपति ट्रम्पले भन्नुभयो, "यो वास्तवमै अहिले भत्काइने ठाउँ हो, लगभग सबै ध्वस्त भएको छ र मानिसहरू त्यहाँ मरिरहेका छन्।"

"त्यसैले म बरु केही अरब राष्ट्रहरूसँग वार्ता गर्न चाहन्छु र फरक स्थानमा आवास निर्माण गर्न चाहन्छु जहाँ उनीहरू परिवर्तनसँगै शान्तिसाथ बस्न सकून् ।

पूर्व अमेरिकी राष्ट्रपति जो बाइडनको प्रशासनको अन्तिम दिन इजरायल र हमासबीच भएको युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता दोस्रो हप्तामा प्रवेश गरेको बेला शनिबार उहाँको उक्त भनाइ आएको हो ।

### अटूट समर्थन

ट्रम्प प्रशासनले इजरायललाई 'अटूट समर्थन' गर्ने वचन दिएको छ तर मध्यपूर्व नीतिको विस्तृत विवरण भने सार्वजनिक गरेको छैन ।

राष्ट्रपति ट्रम्पले आफ्ना पूर्ववर्ती बाइडेनले रोकेको इजरायलका लागि दुई हजार पाउण्ड बराबरको बम पठाउन पेन्टागनलाई आदेश दिएको शनिबार पुष्टि गर्नुभएको छ ।

"हामीले त्यसलाई छोडिदियौं। हामीले त्यसलाई आज पठाएका छौं," ट्रम्पले इजरायलले माग गरेका र पूर्ववर्ती सरकारले रोकेका विष्फोटक पदार्थ इजरायलतर्फ पठाइएको पुष्टि गर्दै भन्नुभयो ।

उहाँले भन्नुभयो, "उनीहरूले त्यस (विष्फोटक पदार्थ)का लागि पैसा तिरी लामो समयदेखि पर्खिरहेका छन्।"

सन् २०२३ को अक्टोबरमा प्यालेष्टिनी इस्लामी समूह (हमास) ले इजरायलमाथि गरेको आक्रमणपछि इजरायलको प्रतिशोधात्मक आक्रमणले प्यालेष्टिनी भूभागको अधिकांश भाग भग्नावशेषमा परिणत भएको छ र पूर्वाधारहरू ध्वस्त भएका छन् ।संयुक्त राष्ट्रसङ्घले पुनर्निर्माणमा धेरै वर्ष लाग्ने अनुमान गरेको छ।

> राष्ट्रपति ट्रम्पले आफ्ना पूर्ववर्ती बाइडेनले रोकेको इजरायलका लागि दुई हजार पाउण्ड बराबरको बम पठाउन पेन्टागनलाई आदेश दिएको शनिबार पुष्टि गर्नुभएको छ ।

गत अक्टोबरमा आफ्नो चुनावी अभियानका क्रममा पूर्व रियल स्टेट डेभलपरसमेत रहेका ट्रम्पले युद्धग्रस्त गाजालाई 'सही तरिकाले पुनर्निर्माण गरिएमा मोनाकोभन्दा राम्रो' हुने सञ्चारकर्मीसँगको कुराकानीमा बताउनुभएको थियो । ट्रम्पका ज्वाइँ तथा ह्वाइट हाउसका पूर्वकर्मचारी जारेड कुश्नरले गत फेब्रुअरीमा इजरायलले गाजालाई सर्वसाधारणको वस्तीका रूपमा खाली गर्न सुझाव दिनुभएको थियो ।

प्यालेस्टिनीहरूका लागि गाजाबाट अन्यत्र सार्ने कुनै पनि प्रयासलाई अरब संसारले 'नक्बा' वा विपत्ति भनेको छ । अरब जगत्ले प्यालेस्टिनीहरूका लागि गाजाबाट अन्यत्र सार्ने कुनै पनि प्रयास इजरायलको स्थापनाको समय अर्थात् ७५ वर्षअघि प्यालेस्टिनीहरूको सामूहिक विस्थापनको अँध्यारो ऐतिहासिक सम्झनाहरू जगाउनेछ।

इजरायलले गाजावासीलाई अन्यत्र जान बाध्य पार्ने कुनै योजना नरहेको बताउँदै आएको छ । तर इजरायली सरकारका केही अति दक्षिणपन्थी सदस्यहरूले सार्वजनिक रूपमा गाजावासीहरूले प्यालेस्टिनी भूमि सामूहिक रूपमा छोड्नुपर्ने विचारको समर्थन गरेका छन् ।

### दुई हजार पाउण्डको बम पठाउन अमेरिकी राष्ट्रपति ट्रम्पको निर्देशन

राष्ट्रपति डोनाल्ड ट्रम्पको पूर्ववर्ती अमेरिकी सरकारले दुई हजार पाउण्डको बमको प्रावधानमा रोक लगाएको भन्ने समाचार सार्वजनिक भइरहेका समय अमेरिकी राष्ट्रपतिमा अघिल्लो हप्ता मात्र पुनरागमन गरेका ट्रम्पले इजरायलले अर्डर गरेका 'धेरै कुरा' अहिले आपूर्ति भइरहेको बताउनुभएको छ।

"इजरायलले माग गरेका र पैसा तिरेका तर बाइडेन प्रशासनले नपठाएका धेरै कुराहरू अहिले आफ्नो बाटोमा छन्," ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा एक पोस्टमा लेख्नुभएको छ ।

पूर्वराष्ट्रपति जो बाइडेनको प्रशासनले गत वर्ष गाजाको घना बस्ती भएको क्षेत्रमा इजरायलले ठूलो सैन्य कारबाही सुरु गर्न लागेको देखेपछि दुई हजार पाउण्डको बमको ढुवानी रोकेको थियो ।

## ।। हार्दिक श्रद्धाञ्जली ।।



स्व. देवेन्द्र यादव

भौतिक पूर्वाधार विकास मंत्रालयका हलुका सवारी चालक देवेन्द्र यादव को मिति २०८१।१०।११ गते शुक्रबार घरबाट कार्यालय आउने क्रममा मधेश भवनको मूलगेट अगाडी सवारी दुर्घटनामा परी असमायिक निधन भएकोमा हामी स्तबध भएका छौं । मृतक आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक सम्वेदना प्रकट गर्दछौं ।

मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मंत्रालय (परिवार)

जनकपुरधाम

# बर्सिम घाँसखेतीले पशुपालक किसानलाई सहज

देउखुरी । यतिबेला घोराही क्षेत्रका खेतबारी लहलह बर्सिम घाँसले ढाकेको छ । यहाँका किसानले बर्सिम घाँसखेती गरेर पशुपालनमा सहज भएको बताएका छन् । किसान नगदेबालीका रुपमा घाँसखेती गर्न थालेका छन् ।

घोराही उपमहानगरपालिका-६ की सरस्वती शर्माले एउटा गाई र आठ बाख्रा पाल्नुभएको छ । घर छेउको १५ कट्ठा जमिनमा बर्सिम घाँसखेती गरेको उहाँले बताउनुभयो । गाई र बाख्रालाई बर्सिम घाँस खुवाएर उहाँले भन्नुभयो, "बाह्र कट्ठा खेतमा बर्सिम घाँस छरेको छु, बस्तुभाउलाई पाल्न सजिलो भएको छ ।" घरमै बीउ उत्पादन गरेर वर्षेनी घाँसखेती गर्ने गरेको उहाँले बताउनुभयो ।

"एकपटक काटेर सकियो, यहाँका धेरैजसो पशुपालक किसानको घाँसखेतीमा आकर्षण बढेको छ, वर्षात्को समयमा लगाएको धान काट्नुभन्दा अगाडि मसुरो छरे जस्तै गरेर यो घाँसको बीउ छर्ने गरिन्छ । घाँस उम्रँदा धान काटिसकेको हुनुपर्छ, कसैले यसलाई खेत जोतेर पनि छर्ने गरेका पनि छन्, हरियो र



पाल्न सजिलो भएको उहाँ बताउनुहुन्छ । "हिउँद याममा आफ्नो १५ कट्ठा खेतमा तोरी, मसुरो र गहुँको साटोमा बर्सिम घाँस लगाउने गरेको छु", उहाँले भन्नुभयो, "पूरै खेतमा घाँस लगाउन थालेको छ वर्ष भयो, हरियो हुँदा काटेर गाई बाख्रालाई खुवाउन पनि पाइएको छ ।"

सुकेको डाँठलाई पनि खुवाउन पाइने र फल लाग्यो भने बिक्री गर्न पाइने यो अत्यन्तै उपयोगी घाँस भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "गाई बाख्राका लागि घाँस खोज्न भौतारिनुपरेको छैन, सजिलै आफ्नै खेतबारीबाट प्राप्त गर्न सकिने भएकाले समयको बचत पनि भएको छ ।"

घोराही-६ बचाहाका बालकृष्ण खनालले १७ कट्ठा खेतमा यो घाँस लगाउनुभएको छ । उहाँले व्यावसायिक रुपमा बाख्रा पाल्नुभएको छ । उहाँसँग ७० बाख्रा छन् । उहाँले हिउँदमा बर्सिम लगाएपछि एक याममा चारदेखि पाँच पटकसम्म काटेर खुवाउनाले बाख्रापालन सजिलो भएको बताउनुभयो । बर्सिम घाँसखेती गर्दा मल पनि छर्न नपर्ने र धानमा हालेको मलले घाँसलाई पनि काम गर्ने भएकाले खेती गर्न सजिलो भएको उहाँले बताउनुभयो । बीउ छरेपछि गोडमेल र स्याहार्न झन्झटिलो नभएकाले घाँसखेतीमा आकर्षण बढेको हो । गाईभैंसी, भेडा र बाख्रा सबैलाई यो घाँसले फाइदा पुऱ्याउँछ ।

घोराही-१७ कर्जाहीका विकास चौधरीले दुई भैंसी र आठ बाख्रा पाल्नुभएको छ । सुकेको बर्सिम घाँस गाईबस्तुलाई खुवाउन एकदमै राम्रो मानिन्छ", उहाँले भन्नुभयो ।

घोराही-६ का कृषकहरुले १२ देखि साढे दुई बिघामा घाँसखेती गरेका छन् । अन्य बालीभन्दा धेरै फाइदा हुने भएपछि यसतर्फ किसानको आकर्षण बढेको हो । घोराही-६ को गुरुवागाउँ, गुरगै, बेरुवागाउँ, जजरागाउँ, बेरगै, फचकपुर र अघरा तथा घोराही-१७ को गैरागाउँका किसानले बर्सिम घाँसखेती गरेका छन् । अहिले पूरै खेतभरि हरियो बर्सिमखेती देख्न सकिन्छ । अहिले उक्त क्षेत्रमा रहेका एक सय ६० घरपरिवारले घाँसखेती गर्ने गरेको शिवशक्ति घाँस बीउ उत्पादक सङ्घका सचिव विमल अधिकारीले जानकारी दिनुभयो । लगानी कम र आम्दानी राम्रो हुने भएकाले यसतर्फ किसानको आकर्षण बढेको अधिकारी बताउनुहुन्छ ।

उहाँका अनुसार जोत्न नपर्ने, मल हाल्नु नपर्ने र धानमा हालेको मलले काम गर्ने भएकाले मलको बचत हुन्छ । पटकपटक सिँचाइ पनि गर्न नपर्ने भएकाले कृषकलाई थप सहज हुने गरेको छ । धानखेतीपछि बर्सिम घाँसखेती गर्ने गरिन्छ ।

यसलाई (ग्रिनगोल्ड) का नामले पनि चिनिन्छ । पछिल्लो समय दाङका सबै जसो पालिकाका किसानले यो घाँसखेती गर्न थालेका छन् । यो घाँस खाएका पशुले दूध उत्पादन बढाउने गरेकाले अत्यन्तै लाभकारी भएको अधिकारीले बताउनुभयो ।रासस

# पाखैभरि पहेँलपुर सुन्तला

गण्डकी । बासखर्कका सुन्तलाबारे सुन्दै आउनुभएकी गण्डकी प्रदेश सरकारका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पद्यमा जिसी श्रेष्ठ शुक्रबार त्यहाँको सुन्तला बगान देखेर छक्क पर्नुभयो । पाखैभरि पहेँलपुर सुन्तला देख्दा कस्को पो मन नलोभिएला र ? किसानको प्रतिनिधित्व गर्ने मन्त्रीका रूपमा उहाँका लागि त्यो दृश्य झनै लोभलाग्दो थियो । बोटै निहुरिने गरी टलरम्म फलेका सुन्तलाको बगान छिचोल्दै 'बासखर्क सुन्तला महोत्सव'मा सहभागी हुनपुग्नुभएकी मन्त्री श्रेष्ठले बाँसखर्कलाई सुन्तलाखर्कका रूपमा चिनाउनुपर्ने बताउनुभयो ।

"यहाँको सन्तुलाबारे मन्त्रालयमा पछि छलफल हुन्थ्यो, साथीहरूबाट पनि धेरै कुरा सुनेकी थिएँ, तर आफैँले प्रत्यक्ष देख्दा यो ठाउँलाई बाँसखर्क नभई सुन्तलाखर्क भन्दा अझ उपयुक्त हुन्छ जस्तो मलाई लाग्यो", मन्तव्यका क्रममा उहाँले भन्नुभयो । पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा आयोजित महोत्सवमा पुगेका जोकोही त्यहाँको सुन्तलाखेती देखेर अचम्मित बने । बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले गाउँभरि सुन्तलाको बगान देखेर आफू प्रभावित भएको सुनाउनुभयो ।

"एउटै बोटमा यतिधेरै सुन्तला फलेको धेरै काममात्र देखिन्छ, यहाँ त बगान नै लटरम्म बनेको छ, गाउँ नै सुन्तलाले ढाकेको छ", उहाँले भन्नुभयो ।

गाउँका अगुवा सुन्तला किसान मेखबहादुर खत्रीका अनुसार यस वर्ष बाँसखर्कमा सुन्तला अत्यधिक फल्यो । उहाँले रु १८ करोड ४४ लाख ४७ हजारको सुन्तला उत्पादन भएको जानकारी दिनुभयो । एक हजार पाँच सय रोपनी जमिनमा सुन्तलाखेती गरिएकामा फल दिने बोट २६ हजार सात सय छ र हुर्कँदै



गरेका बोटको सङ्ख्या २४ हजार चार सय ४५ रहेको किसान खत्रीले बताउनुभयो । कुल ५१ हजार एक सय ५१ बोट रहेकामा सबै बोटले फल दिँदा केही वर्षमा उत्पादन दोब्बर बढेर झण्डै रु ४० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ । अगुवा कृषक जतबहादुर खत्रीको बगानमा वर्षमा रु ३५ लाख बराबरको सुन्तला फल्ने गरेको छ । उहाँले २५ रोपनीमा सुन्तलाखेती गर्दै आउनुभएको छ ।

अर्का अगुवा किसान शान्तबहादुर छिन्तेलले वार्षिक रु २३ लाख र हेमबहादुर अर्मजाले रु १९ लाख बराबरको सुन्तला उत्पादन गर्दै आउनुभएको छ । तेजबहादुर खत्री र नरबहादुर पाइजाले सुन्तलाको नर्सरी सञ्चालन गर्दै आउनुभएको छ । "व्यवासायिक सुन्तलाखेतीले बाँसखर्कका किसानको जीवनस्तर नै बदलिएको छ, सुन्तला बेचेर वर्षको पाँच लाखदेखि रु ४० लाखसम्म कमाउने किसान यहाँ हुनुहुन्छ", अगुवा किसान मेखबहादुर खत्रीले भन्नुभयो । बाँसखर्कको सुन्तला पोखरा, मुग्लिन, नारायणगण, काठमाडौँलगायत ठाउँमा खपत हुने गरेको उहाँको भनाइ छ । उहाँकाअनुसार जलजला-१ को मालगाउँ र घुमाउने तालको केही ठाउँबाहेक बाँसखर्कको अधिकांश क्षेत्रमा सुन्तलाखेती हुँदै आएको छ । विसं १९९७/९८ तिर बाँसखर्कको बजारमारे र वीरमारेमा केही सुन्तलाका बोट देखिएको र त्यसपछि समयक्रममा सुन्तलाखेती विस्तार हुँदै आएको उहाँले बताउनुभयो ।

विसं २०२८ मा कृषि विकास बैंकले सुन्तलाखेती गर्ने किसानलाई ऋण दिन थालेपछि बाँसखर्कमा सुन्तलाखेती सुरु भएको गाउँका अगुवा किसान बताउँछन् । पोखरासम्म सडक पहुँच विस्तार भएपछि २०५२/२०५३ सालदेखि बाँसखर्कका किसानले व्यावसायिक रूपमा सुन्तलाखेती सुरु गरेका हुन् । दुई सय ३९ घरपरिवार रहेको बाँसखर्कका अधिकांश किसान सुन्तलाखेतीमा आबद्ध छन् । किसानले सुन्तलाखेतीको विकल्प देख्न छाडिसकेका छन् ।

उत्तरी मोहडातर्फ भिरालो जमिनमा फैलिएको बाँसखर्क सुन्तलाखेतीका लागि उत्तम रहेको गाउँपालिकाका कृषि अधिकृत राजु गौतमले बताउनुभयो । "यहाँको मुख्य विशेषता भनेको हिमालतिर फर्किएको जमिन छ, सुन्तलाखेतीका लागि सुहाउँदो हावापानी छ, कालो माटो र पारिलो ठाउँ भएकाले सुन्तलाखेती फस्टाएको छ", उहाँले भन्नुभयो, "अन्यत्र बगान रित्तिसक्दा पनि बाँसखर्कमा माघ/फागुनसम्मै सुन्तला रहन्छ ।" बाँसखर्क समुद्री सतहबाट एक हजार एक सय मिटरदेखि एक हजार नौ सय मिटरसम्ममा फैलिएको छ । वडाध्यक्ष जकबहादुर रोकाले सुन्तला ढुवानीका लागि बाँसखर्क जोड्ने सडकको स्तरोन्नति हुनसके किसानलाई थप सुविधा पुग्ने बताउनुभयो ।

सिँचाइ सुविधा, पहिरो नियन्त्रण र सुन्तला बगानमा रहेको विद्युत् तारको व्यवस्थापन नहुँदा किसानले समस्या भोग्दै आएको उहाँको भनाइ छ । गाउँपालिका र १ नं वडा कार्यालय मिलेर आयोजना गरिएको महोत्सवमा सुन्तलाखेतीसम्बन्धी प्रविधि प्रसार, सुन्तला प्रदर्शनीलगायत कार्यक्रम गरिएको थियो । उत्कृष्ट किसानलाई नगदसहित सम्मान गरिएको थियो । महोत्सवमा स्थानीय कला, संस्कृतिको प्रदर्शनी राखिएको थियो । एक दिनमात्र सञ्चालित उक्त महोत्सवमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पद्यमा जिसी श्रेष्ठ, उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, राष्ट्रियसभा सदस्य मनरुपा शर्मालगायत विशिष्ट व्यक्तित्वको सहभागिता थियो ।

सो अवसरमा मुख्यमन्त्री पाण्डेले बाँसखर्कलाई सुन्तलाको पकेट क्षेत्रका रूपमा विकास गर्न प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले म्याग्दी सदरमुकाम बेनीबाट बाँसखर्क जोड्ने सडक स्तरोन्नतिका लागि आगामी बजेटमा योजना समावेश गर्ने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले सुन्तलाखेती गर्ने किसानलाई सीप र प्रविधि हस्तान्तरणमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराइने बताउनुभयो । गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्यले बाँसखर्कको सुन्तलाको प्रवर्द्धन र बजारीकरणका साथै किसानलाई सुन्तलाखेतीतर्फ थप प्रोत्साहित गर्ने ध्येयले सुन्तला महोत्सव आयोजना गरिएको बताउनुभयो ।रासस

# ३३ करोड ४६ लाखको सुन्तला बिक्री

बेनी । जिल्लामा यस वर्ष सुन्तलाको उत्पादन बृद्धि हुँदा किसानले राम्रो आम्दानी गरेका छन् । कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जीव बास्तोलाका अनुसार सुन्तला पकेट क्षेत्रबाट बिक्री भएको सुन्तलाको विवरणअनुसार जिल्लामा रु ३३ करोड ४६ लाखको सुन्तला बिक्री भसकेको छ ।

उहाँका अनुसार, कार्यालयले क्रप कटिङ विधिबाट सुन्तला उत्पादनको अध्ययन गरेको थियो । यस वर्ष जिल्लाका छवटै स्थानीय तहमा चार हजार ७८१ मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गत वर्ष तीन हजार ६ सय मेट्रिक टन सुन्तला उत्पादन भएको थियोभने सुन्तला बिक्रीबाट रु २४ करोड भित्रिएको थियो ।

जिल्लामा आठ सय २० हेक्टर जमिनमा सुन्तलाखेती हुँदै आएकामा चार सय २५ हेक्टर जमिनको सुन्तलाका बोटले मात्रै फल दिने गर्छ । बेनी नगरपालिका-३ र ४ नम्बर



वडाबाट मात्र रु छ करोड बढीको सुन्तला बिक्री भएको केन्द्रले जनाएको छ । जिल्लाका अधिकांश ठाउँका सुन्तला बोटबाटै बिक्री भइसकेको छ । अहिले बेनी नगरपालिकाको मरेक, अन्नपूर्ण गाउँपालिकाको दोसल्लेलगायत ठाउँमा धमाधम सुन्तला टिप्ने काम भइरहेको छ ।

किसानको बगैंचाबाट प्रतिकिलो रु ६० देखि एक सय २० मूल्यमा व्यापारीले सुन्तला खरिद गरेका छन् । दोसल्ले व्यावसायिक सुन्तलाजात कृषक समूहका अध्यक्ष प्रेम पाइजाले गाउँमा उत्पादन भएको सुन्तला धमाधम बिक्री भइरहेको र उत्पादन बढेकाले किसान उत्साहित बनेको बताउनुभयो । जिल्लामा उत्पादन भएको सुन्तला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौँ, पोखरा, बुटवल, भैरवा, नारायणगढलगायत बजारमा निकासी हुँदै आएको छ । रासस

# सामुदायिक विद्यालयमा च्याउखेती

गोरखा । सहिद लखन गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रमसँगै विद्यार्थीमा सीप विकासका लागि च्याउखेती गर्न सुरुआत गरिएको छ । गाउँपालिका शिक्षा शाखामार्फत पालिकाभित्रका ४६ सामुदायिक विद्यालयमा च्याउखेती गर्न थालिएको गाउँपालिकाकी उपाध्यक्ष इन्दिरा तिवारीले जानकारी दिनुभयो ।

"विद्यालयमा उत्पादित च्याउ विद्यार्थीका लागि दिवा खाजामा प्रयोगमा ल्याउने लक्ष्य पालिकाको छ, यसबाट बालबालिकाले पोषणयुक्त दिवा खाजा खान पाउने मात्र नभएर उनीहरूको सीप विकासका लागि पनि मद्दत पुग्ने विश्वास लिइएको छ", उहाँले भन्नुभयो ।

गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत 'विद्यालय च्याउखेती कार्यक्रम'मार्फत सामुदायिक विद्यालयमा च्याउखेती गर्न थालेको उपाध्यक्ष तिवारीको भनाइ छ । "प्रत्येक विद्यालयका एक-एक जना शिक्षकलाई च्याउखेतीका लागि तालिम दिएर पठाइएको छ", उहाँले भन्नुभयो, "त्यस्तै च्याउखेतीका लागि आवश्यक बीउलगायत अन्य आवश्यक सामग्री पनि विद्यालयलाई अनुदानमा उपलब्ध गराइएको हो ।"

गत वर्ष परीक्षणका रूपमा आठवटा विद्यालयमा गरिएको च्याउखेती सफल भएपछि यस वर्षदेखि अन्य विद्यालयमा पनि च्याउखेतीलाई विस्तार गर्न लागिएको हो । "विद्यालयले उत्पादन गरेको च्याउ दिवा खाजामा प्रयोग गरेर पनि बढी हुने अवस्था आए बजारमा बिक्री गर्ने योजनामा छौँ," उपाध्यक्ष तिवारीले भन्नुभयो, "यसबाट विद्यालयको आयआजर्न पनि बढ्ने छभने बालबालिकाले पोषणयुक्त दिवा खाजा खान पाउनेछन् ।रासस


## Mithila Bihari Municipality
## Office of the Municipal Exceutive
### Tarapatti, Dhanusha
### Madhesh Province, Nepal

## Invitation for Electronic Bids

**First Date of Publication : 14th Magh 2081 (27/01/2025)**

1. Mithila Bihari Municipality, Office of The Municipality Exceutive, Tarapatti, Dhanusha invites electronic bid from the eligible and qualified registered bidders for the procurement of following works under National Competitive Bidding (NCB). Name and Contract identification number are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Descripition of works | Estimated amount including all taxes and contingencies | Bid Document Fee NRs. | Bid Security Amount | Bid submission deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | 02/01/2081-82/ NCBW/MBM | Construction of Compund wall and Building in Sahid Chandeshwar ra. pra. vi., ward-02 | 24,99,914.93 | 3000/- | 60,000.00 | 15th Falgun, 2081 (12:00 hour) | 15th Falgun, 2081 (14:00 hours) |
| 2 | 02/02/2081-82/ NCBW/MBM | Construction of unfinished health post building, ward-04 | 50,00,000.00 | 3000/- | 1,25,000.00 | 15th Falgun, 2081 (12:00 hour) | 15th Falgun, 2081 (13:00 hours) |
| 3 | 02/03/2081-82/ NCBW/MBM | Construction of unfinished building work of Mithila Ma. Vi., Kachuri-08 | 24,99,980.00 | 3000/- | 60,000.00 | 15th Falgun, 2081 (12:00 hour) | 15th Falgun, 2081 (15:00 hours) |
| 4 | 02/04/2081-82/ NCBW/MBM | Construction of unfinished School Building Work in Mithileshwar mauwahi, ward no.-03 | 25,00,000.00 | 3000/- | 60,000.00 | 15th Falgun, 2081 (12:00 hour) | 15th Falgun, 2081 (16:00 hours) |

2. For further information please refer to PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in notice or bid document will be posted in notice of this office or PPMO's website.

**Chief Administrative Officer**



## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट
### छुट जग्गादर्ता सम्बन्धी हकदावी वारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.रामपुरखाप.वडा नं.२ हाल परोहा न.पा. ९ मा बस्ने जल महमदको नाती शेष हबिबको छोरा शेष हारुन रसिद ..१ र ऐ.ऐ.बस्ने शेष हबिबको छोरा बुहारी शेष सोयवको पत्नी मोमिना सेखिन समेतले आफनो बाबु ससुरा नाता पर्ने शेष हबिबको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा मोठ भिडान हुदा मोठ श्रेष्ता खोज तलाश गर्दा फेला नपरेको, रोक्का कितावमा शेख हबिबको नाम खोज तलाश गर्दा रोक्का नदेखिएको भनि मोठ फाटवाट लेखि आएकोमा यस कार्यालयको मिति २०८१।१०।४ को आदेशानुसार हकदावी बारे यो ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ । उल्लेखित तपसिलको जग्गा हक तिनपुस्ते भित्र नाता पर्ने तथा अन्य कोही अंशियार भए वा असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित हुनु नपर्ने कुनै कारण भए सुचना प्रकाशित भएको ३५ दिन भित्र यस कार्यालयमा आफु वा रितपुर्वकको वारिस मार्फत प्रतिवाद गर्न आउनु होला अन्यथा माग दावी बमोजिम जग्गा निवेदकको नामदर्ता भै जानेछ । पछि उजुरवाजुर लाग्ने छैन ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| रौतहट | रामपुरखाप | ४ क | २८१ | ०-६-०६ |



## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट
### श्रेष्ता कायम गरी नामसारी वारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.रामपुरखाप.वडा नं.३ हाल परोहा न.पा. ९ मा बस्ने सोभी राय यादवको नाती रुदल राय यादवको छोरा इन्दल राय यादव..१ र ऐ.ऐ.बस्ने ब्रहमदेव राय यादव..१ समेतले आफनो बाबु नाता पर्ने रुदल राय यादवको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गामा मोठ श्रेष्ता कायम गरी नामसारी गरी पाउ भनि द.नं.७५१३ मिति २०८१।०९।२६ को माग भइ आएकोमा जि.रौ. गा.वि.स. रामपुर खाप वडा नं.३क को कि.नं.४६ को ०-२-१५ रुदल ग्वारको नाममा सर्वे नापी भएको रातो मसिले केरिएको कतै गएको कैफियत उल्लेख नरहेको मोठ श्रेष्ताबाट देखिन्छ । रुदल ग्वारको नाउमा रोक्का किताबमा रोक्का नदेखिएको, तिन पुस्ते नरहेको भनि मोठफाटबाट लेखिआएको साथै परोहा नपाको च.नं.५६४ मिति २०८१।०९।२४ गतेको हकभोग सिफारीश लेखीआएकोमा यस कार्यालयको मिति २०८१।१०।०६ को आदेशानुसार हकदावी बारे ३५ दिने सुचना जारी गरिएको छ । निवेदकको नाममा नामसारी हुनु होइन वा अन्य कोही हकदार भए स प्रमाण सहित यो सुचना प्रकाशित भएको ३५ दिन भित्र यस कार्यालयमा आफु वा रितपुर्वकको वारिस मार्फत प्रतिवाद गर्न आउनु होला अन्यथा सोही बमोजिम मोठ श्रेष्ता कायम गरी नामसारी भै जानेछ ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | रामपुरखाप | ३ क | ४६ | ०-२-१५ | रुदल ग्वार |

# ‘यु ट्वान्टी फोर’ अभियान




**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले संगठनमा विभिन्न नामले अभियान चलाउँदै आएका छन् । उनले दिने अभियानको नाम युनिक रहने गरेका छन् । उनले गैरसरकारी संस्था झैं आकर्षकीय नामहरु खोज्ने र अभियान भन्दै संचालन गर्दै आएका छन् ।

अध्यक्ष राउतले यसपटक पनि नयाँ नाम दिएर संगठनका लागि अभियान सुरु गरेका छन् । सो अभियानको नाम यु ट्वाइन्टी फोरम अर्थात अपडेट २४ घण्टा रहेको छ ।

सो अभियान डेढ महिना सञ्चालन हुने जनमत पार्टी नेपालका एक जना केन्द्रीय सदस्यले जानकारी दिए । जनमत पार्टीको केन्द्रीय समितिको भर्चुअल बैठक पनि बसेको थियो । सो बैठकबाट सो अभियान सञ्चालन गर्ने निर्णय गरेको स्रोतले बताए ।

सो अभियानले संगठनमा को-को छन्, कहाँ-कहाँ छन् र कुन अवस्थामा छन् सबैको अद्यावधिक गर्ने जनाइएको छ । वडा तहदेखि केन्द्रसम्म अद्यावधिक गर्ने बताइएको छ । स्रोतले भने, ‘धेरैले जनमत पार्टी हुँ भन्छन् । तर ती व्यक्ति कहाँ छन्, कहाँको सदस्यता लिएका छन् खोजनीति हुन्छ । कतिपय व्यक्ति सदस्यता लिएर पनि निष्क्रिय छन्, त्यसको बारेमा पनि खोजनीति हुन्छ, कोही पार्टीमा निकै सक्रिय छन् । तर ती जहिले पनि पछाडिका पछाडि नै छन् भने त्यसको बारेमा पार्टीले अध्ययन गर्छ ।’

सो अभियानका क्रममा संगठनको सम्पूर्ण गतिविधि र सदस्यको बारेमा अध्ययन गरिने जनमत पार्टीले जनाएको छ । त्यसका लागि पर्यवेक्षक खटाउने छ ।

फागुन २५ र २६ गतेका लागि भौतिक रूपमा केन्द्रीय समितिको बैठक बोलाएको छ । सो बैठकसम्म अभियान सञ्चालन हुनेछ । अभियानको बारेमा बैठकमा समीक्षा हुने जनमत पार्टीले जनाएको छ ।

# मधेश प्रदेशमा बनेका कानुनहरुको कार्यान्वयन फितलो

**मधेश प्रदेशसभाबाट अहिलेसम्म ६४ वटा कानुनहरु निर्माण भए पनि प्रायः कानुनहरुको कार्यान्वयनका लागि प्रदेश सरकारले सरोकारवालहरुसंग सहकार्य समन्वय र सहजीकरण नगर्दा फितलो भएको जनाइएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बनेका विभिन्न कानुनहरुको कार्यान्वयन पक्ष फितलो देखिएको छ ।

मधेश प्रदेशसभाबाट अहिलेसम्म ६४ वटा कानुनहरु निर्माण भए पनि प्रायः कानुनहरुको कार्यान्वयनका लागि प्रदेश सरकारले सरोकारवालहरुसंग सहकार्य समन्वय र सहजीकरण नगर्दा फितलो भएको जनाइएको छ ।




पूर्वमन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य जितेन्द्र सोनलले मधेश प्रदेशसभाबाट निर्माणको भएका कानुनहरु कार्यान्वयन गराउने निकायले कानुनको किताब नै उपलब्ध गराउन नसक्दा कार्यान्वयन फितलो देखिएको बताए ।

प्रदेश सरकारका मुख्यन्यायाधिवक्ता, कानुन परामर्शदाता, र अदालत तथा कानुनका किताबहरुसमेत यत्रतत्र नपाउँदा निर्माण गरिएका कानुनको कार्यान्वयन नहुँदा अन्योलता देखिएको उनको भनाइ छ ।

विभिन्न क्षेत्रका विज्ञहरु र सम्बद्ध निकायका अधिकारीहरुले यस अवस्थाको मुख्य कारण छलफल र अन्तरक्रियाको अभाव रहेको पनि सरोकारवालाहरु बताउँछन् ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले कानुन निर्माण भए पनि सोको प्रभावकारी कार्यान्वयन नहुनु चिन्ताको विषय भएको स्वीकारे । उनले कानुनको प्रभावकारी कार्यान्वयनका लागि नियमित छलफल र अन्तरक्रिया आवश्यक रहेकोमा जोड दिए । मन्त्री लेखीले कानूनहरु बनाइएपछि तिनको विस्तृत कार्यान्वयन योजना र जनसम्पर्क अभावमा धेरै कानुनहरु कागजमा मात्र सिमित भएका छन् ।

प्रदेशसभा सदस्य संजय यादवले कानुन निर्माणकै क्रममा केही त्रुटिहरु भएको स्वीकार गर्दै संघीयतालाई समर्थन गर्नेहरुले मात्र प्रदेशका कानुनहरुलाई पालना गर्ने र अन्यले अनदेखा गर्ने प्रवृत्ति रहेको बताए । उनले कानून कार्यान्वयनका प्रमुख निकायहरुले गम्भीरता देखाउनु आवश्यक रहेको बताए । प्रभावकारी कानुन कार्यान्वयनका लागि जनप्रतिनिधि र सरकारी अधिकारीहरुको स्पष्ट सोच र इच्छाशक्ति महत्वपूर्ण हुन्छ ।

मुख्य न्यायाधिवक्ता सुरेन्द्रकुमार महतोले मुलुक एकात्मक शासन व्यवस्थाबाट पूर्ण रूपमा अलग हुन नसकेको र संघीयताको सफल कार्यान्वयनमा समस्या आइरहेको बताए । उनले मधेश आन्दोलनको परिणामस्वरूप संघीयता आएको उल्लेख गर्दै प्रदेश सरकारको अधिकार सुनिश्चित गर्न संघीय सरकारले पर्याप्त सहयोग नगरेको आरोप लगाए । उनले संघीय सरकारले नियतवश प्रदेश सरकारलाई आवश्यक अधिकार हस्तान्तरण नगरेको र यसले प्रदेशको कार्यान्वयन क्षमता कमजोर बनाएको बताए ।

प्रदेशका सरोकारवालाहरुले संघीयताका मर्म र उद्देश्य अनुरुप मधेश प्रदेशका कानुनहरु कार्यान्वयन गर्न संघीय सरकारसँग सहकार्य गर्नुपर्नेमा जोड दिए । यसका साथै प्रदेशस्तरीय संस्थाहरुबीच राम्रो तालमेल, निरन्तर अन्तरक्रिया र कार्यान्वयनको स्पष्ट मार्गचित्र निर्माणले मात्र कानुनहरुको सफल कार्यान्वयन हुनसक्ने धारणा व्यक्त गरे ।

# बहुदरमाई नगरपालिकाको समस्या समाधानको माग



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको बहुदरमाई नगरपालिकाका शिक्षकहरुको समस्या समाधानका लागि नेपाल शिक्षक महासंघ पर्साले नेकपा एमालेलाई गुहार्दै मुख्यालय नै पुगेको छ ।

जिल्लाको बहुदरमाई नगरपालिकाका मेयर सिंगासन सा तेलीको अकर्मण्यताले अहिलेसम्म विद्यालयका शिक्षक तथा कर्मचारीहरुले तलब सुविधा नपाएको र पटक पटक सरकारलाई गुहार्दा समेत कुनै सुनुवाई नभएपछि समस्या समाधानका लागि एमाललेलाई गुहारेको छ ।

बहुदरमाई नगरपालिकाको केही वडा पर्साको निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताकै क्षेत्रमा पर्ने भएकोले पनि शिक्षक महासंघले पर्साको जिल्लादेखि केन्द्रसम्मको एमालेलाई समस्या समाधानका लागि गुहारेको छ ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा संघीय सरकार, शिक्षामन्त्री पनि एमालेकै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री एमालेकै र उहाँको निर्वाचन क्षेत्र पनि पर्ने भएकोले सृजित समस्या समाधान गर्न एमाले केन्द्रीय कार्यालयमै ज्ञापनपत्र मार्फत अनुरोध गरेको महासंघका पर्सा अध्यक्ष तीर्थराज यादवले बताए ।

शिक्षक महासंघले नेकपा एमालेका महासचिव शंकर पोखरेललाई ज्ञापनपत्र बुझाएका छन् । बर्दिवासमा आउनुभएका महासचिव पोखरेललाई शिक्षक महासंघको टोलीले पर्साबाट बर्दिवासमै पुगेर ज्ञापनपत्र बुझाएका छन् ।

# जनप्रतिनिधिलाई झुटो वन मुद्दामा फसाउन खोज्यो

**टुडे समाचारदाता**

मलंगवा । झुटो वन मुद्दा विरुद्ध नेकपा माओवादी केन्द्र सर्लाहीले मोटरसाइकल र्‍याली सहित डिभिजन वन कार्यलय घेराउ गरेको छ ।

आइतबार मोटरसाइकल र्‍याली सहित जिल्लाका विभिन्न स्थानबाट पुगेका सुकुम्बासी, स्थानीय तथा माओवादी केन्द्रका नेता कार्यकर्ताले नारावाजी सहित डिभिजन वन कार्यलय घेराउ गरेका हुन् । बागमती नगरपालिका-४ र १२ मा निर्माणाधीन रहेको भरत ताल, नगर बगैंचा र नगरले सुकुम्बासी व्यवस्थापन गरेको विषयमा बागमती नगरपालिकाका मेयर भरतकुमार थापा, उपमेयर लिला कुमारी मोक्तान सहित केही कर्मचारी विरुद्ध डिभिजन वन कार्यलयले मुद्दा दर्ता गर्ने तयारी गरेको हो ।



हुँदै नभएको कपोकल्पित मुद्दा बनाएर फसाउन खोजेको भन्दै नागरिक आन्दोलित भएका माओवादी केन्द्रका सर्लाही इन्चार्ज अच्युतम काफ्लेले बताए । राजनीतिक प्रतिशोध साधेर सरकारले जनप्रिय मेयर र उपमेयर विरुद्ध झुटा मुद्दा लगाएर फसाउन खोजेको पार्टीको आरोप छ । पूर्व निर्धारित विरोध कार्यक्रम अन्तरगत सर्लाहीले पूर्व पश्चिम राजमार्ग स्थित पश्चिममा बागमती पुतली चोक देखी पूर्वमा फूलजोर खोला पुल सम्म सयैंको सङ्ख्यामा मोटरसाइकल र्‍याली सहित प्रदर्शन गरेको माओवादी केन्द्रले जनाएको हो ।

मोटरसाइकल र्‍याली पछि केही बेर लालबन्दीमा रहेको डिभिजन वन कार्यालय घेराउ गरेको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि हाल मेयर थापा र उपमेयर मोक्तान निलम्बित अवस्थामा छन् । स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था अनुसार बागमती नदीले छाडेको नदि उकास जमिनलाई तालमा रूपान्तरण गरेर नगरको आयआर्जन पर्यटकीय र वातावरणीय हिसाबले प्रयोग गरेको कुरामा अनेक प्रपञ्च रच्ने काम भएको पार्टीको दावी छ ।

जनप्रतिनिधि निर्वाचित हुनु पूर्व नै सागरनाथ वन परियोजना र डिभिजन वन कार्यलयले राखेका सुकुम्बासीलाई स्थानीय सरकारले व्यवस्थापन गरेको विषयलाई अतिरञ्जित तुल्याएर अतिक्रमणको झुटो मुद्दा लगाउने काम तत्काल बन्द गर्न समेत पार्टीले जोडदार माग गरेको हो । यसै विषयमा माओवादी केन्द्रले मधेस प्रदेशका मुख्यमन्त्री र वनमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै जनप्रतिनिधिलाई झुटा मुद्दामा फसाउने षड्यन्त्र नरोकिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको थियो ।

पार्टीले सरकारी षड्यन्त्र विरुद्ध मोटरसाइकल र्‍याली, वन कार्यालयमा विरोध प्रदर्शन, धर्ना, मशाल जुलुस, जनसभा, बन्द र आम हड्ताल सम्मका कार्यक्रम यस अघिनै घोषणा गरेको छ । स्थानीय सरकारले गरेको विकास देख्न नचाहने विरुद्ध आफूहरू कडा रुपमा सङ्घर्षको कार्यक्रममा जाने पार्टीका स्थाई कमिटी सदस्य प्रल्हाद बुढाथोकीले बताए ।

यता सङ्घीय तथा प्रदेशको वन मन्त्रालयले बागमतीमा निर्माणाधीन बागमती माछा पोखरी (भरत ताल) र आसपासको क्षेत्रमा बसेको बस्ती सागरनाथ वन विकास परियोजनाको वन क्षेत्रभित्र पर्ने/नपर्ने भनी अनुसन्धान गर्न डिभिजन वन कार्यालयलाई पत्र पठाएको थियो । मन्त्रालयबाट पत्र प्राप्त भएपछि अनुसन्धान अधिकृत तोकेर पोखरी निर्माण भएको स्थल तथा आसपासको वस्ती वन क्षेत्रभित्र पर्ने नपर्ने वा संरचना निर्माणका क्रममा स्वीकृत लिए/नलिएको अनुसन्धान सुरु गरिएको डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख सन्तोष झाले बताए ।

झाले मन्त्रालयबाट अनुसन्धान गर्नु भनी निर्देशन आएको क्षेत्रमा डिभिजन वन कार्यालयको टोलीले आवश्यक अनुसन्धान तथा सरोकार राख्ने व्यक्तिसँग सोधपुछ गरेर सरकारी वकीलको कार्यालयलाई फाइल बुझाउने जानकारी दिए ।

# सरस्वती पूजाका नाममा ढाट तेर्स्याएर रकम असुल्दै



**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको भित्री गाउँका बाटोमा यतिखेर स्थानीय विद्यार्थीहरूले ढाट तेर्स्याएर सरस्वती पूजाका नाममा चन्दा उठाउने गरेका छन् । उनीहरू ढाट तेस्याएर सवारी साधन रोकेर जबरजस्ती पैसा असुलिरहेको र पैसा नदिए स्वाभाविक रूपमा आवागमनमा वाधा पुर्‍याइरहेको सवारीधनीहरूले गुनासो गरेका छन् ।

आगामी माघ २१ मा श्रीपञ्चमीको अवसरमा हुने सरस्वती पूजाका लागि विद्यार्थीहरूले चन्दा माग्न थालेका छन् । पूजाको प्रसाद र मूर्ति बनाउन भन्दै उनीहरूले सानाठूला सवारीसाधन रोकेर जबरजस्ती पैसा माग्ने गरेका हुन् । पैसा नदिए सवारी जानै दिँदैनन् ।

ढाट तेर्स्याउनेमा सानाठूला विद्यार्थी सहभागी छन् । यतिखेर यहाँका केही विद्यालयका विद्यार्थी पठनपाठन छाडेर ढाट तेर्स्याएर चन्दा उठाउन लागेका छन् ।

चन्द्रपुर नगरपालिकास्थित जुडीबेला माविका शिक्षक रत्न अधिकारीले सरस्वती पूजाका नाममा चन्दा उठाउने संस्कार गलत भएको बताए ।

विद्यालयका प्रधानाध्यापक लगायत शिक्षकले चन्दा उठाउन नहुने भने पनि विद्यार्थीहरूले मानेका छैनन् । मुख्य बाटोहरूमा समेत उनीहरू ढाट तेर्स्याएर चन्दा उठाइरहेका छन् । यस्तो बेला सवारी दुर्घटना हुने जिल्ला ट्राफिक प्रहरी प्रमुख लोकेन्द्र अधिकारीले जनाए ।

# श्रीमानद्वारा श्रीमतीको हत्या

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक श्रीमानले श्रीमतीको हत्याको गरेको छ ।

जिल्लाको धनुषाधाम नगरपालिका वडा नम्बर-५ स्थित उमाप्रेमपुर पर्वतामा श्रीमानले श्रीमतीको हत्या गरेको छ ।

घरेलु विवादका कारण ३३ वर्षीय देवलाल ठाकुरले आफ्नै श्रीमती २९ वर्षीया संगीता ठाकुरको हत्या गरेका छन् ।

स्थानीयका अनुसार श्रीमान-श्रीमतीबीच सामान्य विवाद शुरु भएपछि देवलाल ठाकुरले आक्रोशमा आएर श्रीमतीको टाउकोमा लौरो प्रहार गरेका थिए । लौरो प्रहारबाट श्रीमती संगीता ठाकुरलाई गम्भीर चोट लागेको र उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।



मृतक ठाकुरको माइती जनकपुरधाम उपमहानगरपालिकास्थित महुवा कपिलेश्वरमा रहेको छ । माइतीपक्षले सो घटनालाई घरेलु तथा सामाजिक हिंसाको चरम रुप भन्दै तत्काल न्यायको माग गरेका छन् ।

इलाका प्रहरी कार्यालय धनुषाधामले घटनास्थलमा पुगेर देवलाल ठाकुरलाई नियन्त्रणमा लिइसकेको र हत्या सम्बन्धी अनुसन्धान प्रक्रियालाई अघि बढाएको छ । धनुषा प्रहरी स्रोतका अनुसार प्रारम्भिक अनुसन्धानले घटनाको मुख्य कारण घरेलु विवाद नै रहेको संकेत गरेको छ ।

मृतकको शवलाई पोष्टमार्टमका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा राखिएको छ । पोष्टमार्टम रिपोर्टपछि थप विवरण बाहिर आउने र अनुसन्धानलाई अगाडि बढाउने प्रहरीले जनाएको छ ।

घरेलु हिंसा, महिला हिंसाको विरुद्धमा अझै धेरै काम गर्नुपर्ने आवाज उठिरहेको बेला, यस्तो घटनाले समाजमा रहेको लुकेको हिंसाको प्रकृति रहेको देखिन्छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले घटनाका सम्बन्धमा छिटो न्याय दिलाउने प्रतिवद्धता जनाएको छ ।

# १२ जनाद्वारा नागरिकता परित्याग

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा १२ जनाले नेपाली नागरिकताको प्रमाणपत्र त्याग गरेका छन् । चालु आर्थिक वर्ष ०८१/०८२ को पहिलो ६ महिनामा १२ जनाले पर्साबाट लिएको नेपाली नागरिकता परित्याग गरेका छन् ।

विदेशमा गएर उतै बस्ने भएपछि त्यस्ता व्यक्तिले नागरिकता परित्याग गर्ने गरेको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्की जानकारी दिए । जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार साउन महिनामा ४ जना भदौ र असोज महिनामा १-१ जना अनि कात्तिक, मंसिर र पुस महिनामा २-२ जना गरी १२ जनाले नागरिकता परित्याग गरेका छन् ।




यसै अवधिमा ३ हजार ७ सय ७१ जनाले नयाँ राहदानी लिएका छन् । चालु आर्थिक बर्ष २०८१-८२ को पहिलो ६ महिनामा १२ हजार १ सय ६ जनाले जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएका छन् । जसमध्ये ५ हजार ९ सय ८६ जनाले प्रतिलिपी र ६ हजार १ सय २० जनाले नयाँ नागरिकताको प्रमाणपत्र लिएका छन् ।

जिल्ला प्रशासन कार्यालयले नयाँ भवनबाट सेवा दिन थालेसँगै कार्यालयमा प्रशासनमा हुने काम पहिलेभन्दा छिटो हुन थालेको सेवाग्राहीहरु बताउँछन् । नागरिकता प्रतिलिपि फाँटका शाखा अधिकृत दिपककुमार पटेलले पहिले ३ देखि ५ दिन लाग्ने गरेको काम नयाँ भवनबाट कार्यालय सञ्चालनमा आएपछि आजको आजै प्रतिलिपि नागरिकता उपलब्ध गराउने गरेको बताए ।

नयाँ नागरिकता फाँटका शाखा अधिकृत कृष्णकुमार खतिवडाले सेवाग्राहीलाई समस्या नहुनेगरी कर्मचारी बढी समय खटेर भए पनि समयमै नागरिकता दिइरहेको बताए ।

जिल्ला प्रशासन कार्यालय पर्साले सेवाग्राहीले पाउने सेवा तथा काम गर्दा पूरा गर्नुपर्ने प्रक्रिया, काम गराउँदा अपनाउनु पर्ने सचेतनालाई कार्यालय अवधिभर माइकिङ गर्ने गरेको छ । सेवाग्राहीको लागि राष्ट्रिय परिचयपत्र र राहदानीका लागि अनलाइन फारम कार्यालयमै निःशुल्क भर्ने सुविधा रहेको छ ।

वायु प्रदुषणबाट बचौं र बचाऔं

- वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रुख विरुवा रोपौं र हरियाली बढाऔं,
- दाउरा र कोइलाको सट्टा नविकरणीय उर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलबाट निस्कने धुलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परिक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८